प्राचीन नेपाल

पुरातत्व विभागको द्वैमासिक मुखपत्र

ANCIENT NEPAL

Journal of the Department of Archaeology

संख्या ४१-४२ Number 41-42

भदौ-मंसीर २०३४ Aug-Nov 1977

सम्पादक
रमेशजङ्ग थापा

Edited by
Ramesh Jung Thapa

प्रकाशक
श्री ५ को सरकार
शिक्षा मन्त्रालय, पुरातत्व विभाग
काठमाडौं, नेपाल

Published by
The Department of Archaeology
His Majesty's Government
Kathmandu, Nepal

प्राप्ति स्थानः–
साझा प्रकाशन
पुलचोक, ललितपुर

To be had of:–
Sajha Prakashan
Pulchok, Lalitpur

मूल्य रू. १५/–

Price Rs. 15/–

Printed at Matribhoomi Press, Ghantaghar

प्राचीन नेपाल

संख्या ४१-४२

भदौ-मंसीर २०३४

Ancient Nepal

Number 41-42

Aug-Nov 1977

सम्पादक

रमेशजङ्ग थापा

Editor

Ramesh Jung Thapa

Prachin Nepal
Downloaded by - Ravi Shakya
No. 41-42, Aug - Nov. 1977, Bhadra - Mansir 2038

विषय--सूची
Contents

अनुसन्धानको एक निष्कर्ष — पृष्ठ
शंकरमान राजवंशी — १

ऐतिहासिक पत्रस्तम्भ — ५

विश्वकर्मा : एक संक्षिप्त अध्ययन
हरिराम जोशी — १०

फाखेलमा फेला परेका धातुका प्रतिमाहरू
रमेश जंग थापा — १५

English Section — **Page**

Lichchhavi Art of Nepal
Rehana Banu — *1*

Tilaurakot Excavations
(2023- 2029 V. S.)
Tara Nanda Mishra — *11*

114 EP

CORNELL UNIVERSITY LIBRARIES ★ ITHACA, N.Y. ★

अनुसन्धानको एक निष्कर्ष

-शंकरमान राजवंशी

मानिसको सामाजिक विकासको साथ साथै व्यावहारिक काम पनि बढ्दै गएकोले त्यसका लागि दिन गणना र वर्षगणनाको जरूरत पर्दा सो गणनाको आधारका लागि मानिसले आकाशमा रहेका तारा ग्रहहरूको गतिको अनुसन्धान गरी ग्रहहरूको गति पत्ता लगाई ज्योतिषशास्त्रको निर्माण गरे। वैदिक कालमा ज्योतिष शास्त्र वेदकै अन्तर्गत थियो । यसैले त्यस ज्योतिष लाई वेदाङ्ग ज्योतिष भनिन्थ्यो । वेदाङ्ग ज्योतिषमा पञ्च संवत्सरात्मक युग मानिन्थ्यो। जुन युगको आरम्भ माघ महिनाबाट शुरू हुन्थ्यो । माघमा उत्तरायण शुरू हुने हुनाले माघबाट शुरू भएको वर्षलाई अयनादि वर्ष भन्दछन् । त्यस वर्षदेखि संवत्सरको शुरू गरिन्छ । ती संवत्सरका नाम क्रमैले संवत्सर, परिवत्सर, इदावत्सर, अनुवत्सर, इद्वत्सर हुन् । ती पांच संवत्सरको चक्रलाई एक युग कल्पना गरी त्यस युग भित्र युगको पहिलो आधाको अन्त्यमा एउटा र युगको पछिल्लो आधाको अन्त्यमा एउटा गरी अढाई-अढाई वर्षमा दुइवोटा अधिमास गाभ्ने चलन थियो । युगको पहिलो आधाको अन्त्यमा गाभ्दा आषाढमा अधिमास हुन्थ्यो । युगको पछिल्लो आधाको अन्त्यमा गाभ्दा पौषमा अधिमास हुन्थ्यो । तर यो हिसाब ज्यादै मोटामोटी हुनाले अधिमास ठीक ठीक ठाउँमा पर्न नजांदा युगको वर्ष कहिले बढाउनु पर्ने कहिले घटाउनु पर्ने अवस्था पथ्यो । त्यसैले तैत्तिरीय श्रुतिमा संवत्सरको नाम कहीं चार ओटा कतै पांच ओटा कतै छ ओटा सम्म पाइएका छन् । ३६६ दिनको वर्ष मानी पितामह (ब्रह्म) सिद्धान्तानुसार हिसाब गरी पंच संवत्सरात्मक युगको माध्यमबाट अधिमास गाभ्ने गर्दा केही सरलता आए तापनि कसर रहन जांदा अधिमास मिलाउन बराबर परिश्रम गरिरहनु पर्ने हुन्थ्यो र त्यसका लागि हिसाबको सूक्ष्मतामा दृष्टिगत हुन्थ्यो । यसै दृष्टिगत विचारको विकासले आर्यभटको आर्यसिद्धान्त निर्माण भयो । आर्यभटले ग्रह तारा घुमेको होइन पृथ्वी नै घुमेको हो भन्थे । त्यसले गर्दा तिनताक उनको सिद्धान्त मानिसहरू पत्याउंदैनथे । उनको सिद्धान्त जे भए तापनि गणितको विकास त्यो भन्दा अघिदेखि भैसकेको थियो । त्यसैले अधिमास मान्ने परिपाटीमा दुई मत देखा पर्दछ । जस्तै–

अमावास्यापरिछिन्नः सूर्यसंक्रान्तिवर्जितम्
अधिमासंम्बिजानीयात् गर्हितः सर्वकर्मसु
चैत्रादि भाद्रपदान्तानि यदा सङ्क्रम त्रुद्यते
(संक्रमत्रुटचते)

आषाद (ढ) मासवृद्धिः स्यान्नारदस्य वचो यथा
आश्विनादि फाल्गुण(ना)न्तानि यदा सङ्क्रमतुद्यते
(त्रुटचते)

पौषमासा निवर्द्धन्ते मासवृद्धि (ं) विधीयते
ननु इति कार्थमयनमेव मासवृद्धिः ॥
कर्कटे सिंहकन्यायां तुलाकीटधनुर्द्धरे
भानो (:) सङ्क्रमणे नष्टे द्विराषाढो विधीयते
मृगकुम्भधरे मीने क्रियगोनृयुगे तथा
अर्कसङ्क्रमणे नष्टे द्विपौषं कुरुते बुधः
अधिमासा यदा नष्टा र (अ) यणे (ने) द्वेसु
चिन्तयेत्
द्विराषाढो द्विपौषश्च भारद्वाजस्य वचनं (भारद्वाजवचो) यथा
(वी. पु. प्र. नं. १६३४ को धर्मनिर्णयतिथिसारसंग्रह)

सौर संक्रान्ति नपरेको औंसीले छुट्याइएको महिना अधिमास भनेर जान्नू। अधिमास सबै काममा नजाति छ। चैत्र देखि भाद्र महिना भित्रमा जब संक्रान्ति टुट्छ अर्थात् अधिमास पर्छ तब आषाढ महिना बढाइन्छ। आश्विनदेखि फाल्गुण महिना भित्रमा जब संक्रान्ति टुट्छ अर्थात् अधिमास पर्छ तब पौष महिना बढाइन्छ। यसरी मास वृद्धि गरिन्छ भन्ने नारदको वचन छ।

होइन यो कसरी हुन्छ र अयनमा पो मासवृद्धि हुन्छ। जस्तै कर्कट, सिंह कन्या तुला वृश्चिक धनु सम्म अर्थात् श्रावणदेखि पौष सम्म सूर्यसंक्रान्ति टुट् भएमा अर्थात् अधिमास परेमा आषाढ महिना बढाइन्छ। मकर कुम्भ मीन मेष वृष मिथुन सम्म अर्थात् माघ देखि आषाढ महिना सम्ममा सूर्यसंक्रान्ति टुट् भएमा अर्थात् अधिमास परेमा पौष महिना बढाइन्छ। जब क्षयमास पर्न आउंछ तब अयनमा आषाढ तथा पौष पनि बढाइन्छन् भन्ने भारद्वाजको वचन छ।

यसरी चैत्रादिबर्ष र अयनादि वर्षबाट वर्षको पूर्वार्धमा अधिमास परे आषाढलाई अधिमास मान्ने भन्ने र वर्षको उत्तरार्धमा अधिमास परे पौषलाई अधिमास मान्ने भन्ने दुई किसिमका प्राचीन परिपाटी बने। ती परिपाटीका तालिका निम्न लिखित अनुसार बन्ने भए। जस्तै

भारद्वाजमतानुसार

श्रा भा श्वि का मं पौ	मा फा चै वे ज्ये आ
आषाढ	पौष

नारदमतानुसार

चै. वै. ज्ये. आ. श्रा. भा.	श्वि. का. मं. पौ. मा. फा.
आषाढ	पौष

उक्त भारद्वाजको मत अयनादि वर्षको हो। यसलाई वेदाङ्ग ज्योतिषको परम्परा भन्नु पर्छ। नारदको मत चाहिं त्यस पछि स्थापित भएको मत भन्नु पर्छ। नारदको मत चैत्रादि वर्षको छ। लिच्छविकालमा नेपालमा कार्तिकादिवर्षको चलन थियो (१)। अधिमास गाभ्ने माध्यम चाहिं नारदमतानुसारको थियो (२)। लिच्छविकालमा चन्द्र सूर्यको हिसाबमा केही सूक्ष्मता आइसकेको थियो तापनि परिष्कृत रूपमा थिएन। त्यसैले ब्रह्मगुप्तले ती अपरिष्कृतरूप हिसाबलाई अवगत गरी परिष्कृत रूपमा ब्रह्म सिद्धान्त बनाए। लिच्छविकालको पंचाङ्ग गणनाको हिसाब ब्रह्मसिद्धान्तबाट मिल्न आएकोले त्यस बखत ब्रह्मसिद्धान्त अनुसार मिल्दो किसिमको गणना हुन्थ्यो भन्ने कुरा पुष्टि हुन आएको छ।

केतकरले प्राचीन शिलालेख तथा ताम्रपत्रादिका मिति निर्णय गर्न सौरार्य ब्रह्मपक्षीय तिथि

---

१ लिच्छवि संवत्को निष्कर्ष १८–२१ पृष्ठ

२ लिच्छवि संवत्को निष्कर्ष २७ पृष्ठ

गणित नामक पुस्तक बनाएको हुं भनी बोलेका छन् । तिथिमितिको गणना गर्न बितेका अधिमास विचार गर्नु आवश्यक पर्ने हुंदा शक १ देखि बितेका अधिमास तालिका र पछि आउने धेरै वर्ष सम्मका अधिमास तालिका दिएका छन् ।

लिच्छवि अभिलेख मध्ये अंशुवर्मा भन्दा माथिका अभिलेखमा एकथरी संवत् र अंशुवर्मादेखिका अभिलेखमा अर्को थरी संवत् गरी २ थरी संवत् पाइएका छन् । ब्रह्मसिद्धान्तवाट गणित गर्दा अंशुवर्मा भन्दा अघि चलेका संवत्मा २२ वर्ष घटाएपछि शक संवत् हुने कुरा पत्ता लाग्यो र चांगुको मानदेवको स्तम्भलेखमा "संवत् ३८६ ज्येष्ठमासे शुक्ल पक्षे प्रतिपदि रोहिणी नक्षत्रयुक्ते चन्द्रमसि मुहुर्ते प्रशस्ते अभिजिति" भनी लेखिएको मितिको गणना गर्दा सोमवार आएकोले प्रशस्ते अभिजिति मुहुर्ते भनी अन्वय गरे ऊँ रोहिणी नक्षत्रयुक्ते प्रतिपदि भनी अन्वय गरी चन्द्रमसिको अर्थ सोमवार भन्न मिल्ने भयो । त्यसको अर्थ पहिले संवत् ३८६ जेठ महिना शुक्ल पक्ष परेवामा रोहिणी नक्षत्रमा चन्द्रमा बसेमा असल अभिजित् मुहूर्तमा भन्ने गरी आइरहेको थियो । कारण त्यस वखत गणनाबाट निर्णय भैसकेको थिएन । चन्द्रमा जुन नक्षत्रमा जान्छन् त्यही नक्षत्र पञ्चाङ्गमा लेख्ने चलन छ । त्यसकारण जुन दिन नक्षत्र लेखेको हुन्छ त्यो दिन त्यस नक्षत्रमा चन्द्रमा छन् भन्ने कुरा स्वतः थाहा हुने हुन्छ । रोहिणी नक्षत्रमा चन्द्रमा वसेको वेलामा भनी अर्थ गर्दा अत्युक्ति हुने भयो । गणितवाट सोमवारको पुष्टि हुंदा चन्द्रमसिको अर्थ सोमवार भन्ने कुरामा शंका नहुने भयो ।

भक्तपुर इनाय्टोलको अंशुवर्माको अभिलेख प्राप्त छ । त्यसमा यस्तो लेखिएको छ :—

३. ... भूपतिभिर्धर्मगुरुत्वयागुरुकृतप्रसादानु (ब)
४. तिभिरेव भवितव्यमिति स्वयमाज्ञादूतकोत्र राजपु
५. त्रस्थितिवर्मा संवत् ३१ द्वितीय पौष शुक्लाष्टम्याम्

[धनवज्र वज्राचार्यद्वारा संपादित लिच्छविकालका अभिलेख ३१५ पृष्ठ]

पाटन सुनधाराको अंशुवर्माको अर्को अभिलेख पनि प्राप्त छ । त्यसमा यस्तो लेखेको छ ।

१५. ... भविष्यद्भिरपिभूपतिभिर्धर्मगुरुभिर्धर्माधि
१६, कारप्रतिपालनादृतैर्भवितव्यम्संवत् ३४ प्रथम-पौष
१७. शुक्लद्वितीयाम् (दू) तकोत्र महावलाध्यक्ष-विन्दूस्वामी

(धनवज्र वज्राचार्यद्वारा संपादित लिच्छविकालका अभिलेख ३४० पृष्ठ)

उक्त अंशुवर्माका संवत् ३१ को अभिलेखमा र संवत् ३४ को अभिलेखमा पौषमा अधिमास मानेको स्पष्ट छ । यी अधिमास वेदाङ्ग ज्योतिष अनुसार छैनन् । किनभने पञ्च वर्षात्मक युगभित्र एउटा आषाढमा र अर्को पौषमा अधिमास हुनु पर्ने सो नभएको हुनाले वेदाङ्ग-ज्योतिषको परिपाटी राम्रै संग छुटिसकेको कुरा स्पष्ट छ । यी अंशुवर्माको पालामा आएर नयां संवत् चलेको कुरा पनि स्पष्ट छ । यस संवत्को अनुसन्धान गर्दा शक ४७४ बाट उठाइएको संवत् भन्ने पत्ता लाग्यो र ब्रह्मसिद्धान्तवाट आएका चन्द्रसूर्यको हिसाबवाट संवत् ३१ (शक ५०६) वैशाखमा अधिमास पर्न आयो । संवत् ३४ (शक ५०८) भाद्रमा अधिमास पर्न आयो (१) ।

---

३ लिच्छवि संवतको निष्कर्ष १७-१८ पृष्ठ, प्राचीन नेपाल ४० अङ्क

संवत् ३१ को अधिमास भारद्वाजको मतमा मिल्छ। तर संवत् ३४ को अधिमास भारद्वाजको मतमा पनि नारदको मतमा पनि मिल्दैन। त्यसकारण अंशुवर्माको अधिमास मान्ने परिपाटी भिन्नै रहेछ भन्ने कुरा देखियो।

लिच्छविकालमा कार्तिकादिवाट वर्षारम्भ मान्ने कुरा छंदै थियो। अधिमास मान्ने प्राचीन परिपाटीमा वर्षको पूर्वार्धमा अधिमास परे आषाढमा अधिमास मान्ने र वर्षको उत्तरार्धमा अधिमास परे पौषमा अधिमास मान्ने कुरा अंशुवर्मालाई अवगतै थियो। त्यसकारण अंशुवर्माले आफ्नो परिपाटीको वर्षारम्भ अनुसार कार्तिकदेखि चैत्रसम्म वर्षको पूर्वार्धमा अधिमास परे आषाढमा अधिमास मान्ने र वैशाखदेखि आश्विनसम्म वर्षको उत्तरार्धमा अधिमास परे पौषमा अधिमास मान्ने किसिमले सुधार गरी नयाँ परिपाटी स्थापना गरे। त्यसै अनुसार उपयुक्त अभिलेखमा अधिमास लेखिएको कुरा सिद्ध छ। अंशुवर्माको अधिमास मान्ने परिपाटीको तालिका निम्नलिखित छ। जस्तै–

अंशुवर्माको परिपाटी अनुसार

का.	मं.	पु.	मा.	फा.	चै.	वै.	ज्ये.	आ.	श्रा.	भा.	श्वि.
			आषाढ							पौष	

त्यसैले चांगुनारायणको सुनको कवलमा रहेको अंशुवर्माको सुवर्णपत्राभिलेखमा संवत्को प्रकरणमा अंशुवर्माले स्वसंस्थया शब्द प्रयोग गरेको अर्थ खुल्न गएको छ। सो अभिलेख यस प्रकार छ –

१. ॐ एकत्रिंशत्तमे वर्षे वर्तमाने स्वसंस्थया
माघशुक्लत्रयोदश्याम्पुष्येण सवितुर्दिने १

२. कालेन शीर्णभवलोक्य समस्तमाद्यं
हैमं हरेर्भगवतः कवचं सताक्ष्यंम्

३. तस्मान्निदर्शनमवाप्य जगाद्धितार्थं
सन्चस्कृवान्नरपतिः पुनरंशुवर्मा २

(धनवज्र वज्राचार्यद्वारा संपादित लिच्छविकालका अभिलेख ३१७ पृष्ठ)

अन्वय–

ॐस्वसंस्थया । वर्तमाने । एकत्रिंशत्तमे । वर्षे । माघशुल्कत्रयोदश्याम् । पुष्येण । (युक्ते) । सवितुः । दिने । नरपतिः । अंशुवर्मा । कालेन । समस्तं । शीर्णं । हरेः । हैमं । सताक्ष्यं । कवचं । अवलोक्य । तस्मात् । निदर्शनं । अवाप्य । जगद्धितार्थं । पुनः । आद्यं । सञ्चस्कृवान् ।

पदार्थ–

ॐ मंगलपूर्वक । स्वसंस्थया = आफ्नै परिपाटी अनुसार । वर्तमाने = चलेको । एकत्रिंशत्तमे = ३१ । माघशुक्लत्रयोदश्याम् = माघशुक्लत्रयोदशीमा । पुष्येण =पुष्यनक्षत्रले । युक्ते–युक्त भएको । सवितुः= आइतवारको । दिने=दिनमा । नरपतिः=राजा । अंशुवर्मा = अंशुवर्माले । कालेन = समयले गर्दा । समस्त=सबै । शीर्णं=जीर्ण भएको । हरेः = विष्णुको । हैमं=सुनको । सताक्ष्यं=गरुडसहितको । कवचं=कवचलाई । अवलोक्य=देखेर । तस्मात्=तिनबाट । निर्दशनं =नमूना । अवाप्य=पाएर । जगद्धितार्थं=संसारको हितको लागि । पुनः=फेरि । आद्यं=पहिले जस्तै । सञ्चस्कृवात्=बनाइदिए ।

भावार्थ–

आफ्नै परिपाटी अनुसार चलेको सवत् ३१ माघशुक्लत्रयोदशी पुष्य नक्षत्र आइतवारको दिन समयले गर्दा संपूर्ण जीर्ण भएको भगवान् विष्णुको गरूड सहितको सुनको कवचलाई देखेर राजा अंशुवर्माले संसारको हितको लागि त्यस नमूना पाएर पहिलेकै जस्तै फेरि बनाइदिए।

अंशुवर्माको यो सुधार कहांसम्म कायम रह्यो भन्ने कुरा निश्चित रूपले थाहा हुन सकेको छैन। नेपाल संवत् आरम्भ भइसकेपछि पुरानै परिपाटी अनुसार नारदको मत अपनाएको बुझिन्छ। अंशुवर्माको अधिमासको हिसाव ब्रह्मसिद्धान्तबाट मिलन आएकोले अंशुवर्माले अपरिष्कृत ब्रह्मसिद्धान्तलाई अपनाई अधिमास मान्ने तरीकामा सुधार ल्याएको कुराको एक निष्कर्ष उपयुक्त अभिलेखहरूबाट ज्ञात भएको छ। ◆



ऐतिहासिक पत्रस्तम्भ

[वि. सं. २०३२ कार्तिकमा सेती महाकाली अञ्चलको ऐतिहासिक सर्वेक्षण भ्रमणमा श्री शङ्करमान राजवंशीले पढी ल्याउनु भएका केही अभिलेखहरूको उतार पाठ क्रमशः तल दिइन्छ —सम्पादक]

शाके १२९८ को अभयमल्लको ताम्रपत्र

१ ॐ स्वस्ति अविकल भुवन भरोद्वहन धैर्य प्राचु-
२ र्यकीर्तिकदम्बेनैकशेष कव
३ लितकलेवरस्य नीहारगौरस्यानन्तसेवापर वपुरूद्धहत
४ स्तुहिनगिरेर्नितम्बे व
५ र्तमानामभिगलितदुकूलशंकामिवोद्वहंत्याश्वेत सरि-
६ तसमलंकृत परिसर
७ प्रदेशानुदुम्बरपुरीमधिवसन्नतुल भुजवलविजितरिपुवल
८ कामिनीजननयन
९ निर्गत वारिपूर सुदूरसमुत्सारित मत्सरि क्षितिपति-
१० प्रतापानलप्रचंड भुजदं
११ ड कुंडलितकोदंड खंड निर्गच्छच्छर निकर प्रवाह
१२ जर्जरीकृतावरि भूधरा सुरसंह
१३ रणवालगोपालः कांवोजवानापुरूवल्लीक पारसीका
१४ द्युद्गतार्वरत्नसंघ साहसस
१५ मुद्गत सवल सामन्तमंडलीभौलि मंडित चरणसरोज
१६ सपरिहारः श्रीमान्नभयमल्लश्रि
१७ रं जयतु ।। श्री शाके १२९८ फाल्गुनवदि ७ रवौ
१८ राइको आदेश
१९ वाज्रुका अधिकारीका
२० किप्रति ॥ आ ॥ अदन गावको बेलकाटियोनि
२१ भौनेक गढे सहित एकत्र आलो १॥ स
२२ र्वकर अकर सर्वदोषविशुद्ध कि जै वंह्म जोइसि
२३ महिराज जोइसि पसाकि अक्च्या छुं ।
२४ सुडालि पेढालि मोटु अपुतालि । जानि । दोष स
२५ भै छाडि अक्च्याछु क्षापा गुंप्याकदिन्या
२६ कुत भाल । पोटलो पिठाये । कोहिलैन नपाव जो
२७ भाषा पृथ्वीमल्ल रा
२८ इका पसाकि तै भाषा म पसाकि अक्च्यांछु । यो
२९ भाषा अभय
३० मल्लकी साखा पसाकि अन्क जैवह्म जोइसि महि-
३१ राज जोइसि
३२ कि साखा चेलीको चेलो आदिभुंच अत्र साक्षिण
३३ सूर्याचन्द्रमसौ
३४ रत्नत्रय ॥ भूमंडलका साक्षि जैरुवल राउला सिरि-
३५ वले राउ
३६ ला राजब्रह्मराउला पेखक अजु खडगाहा लेखक
३७ धर्मदास जोइसि

शाके १२९८ को अभय मल्लको ताम्रपत्र

ॐ स्वस्ति अविकल भुवन भरोद्वहन धैर्य प्राचुर्यकीर्ति कदम्बेनैकशेष कवलित कलेवरस्य नीहारगौरस्यानंत सेवापर वपुरूद्धहतस्तुहिनगिरेर्नितंवे वर्तमाना मभिगलितदुकूलशंकामिवोद्वहंत्याश्वेतसरितः समलङ्कृत परिसरप्रदेशानुदुम्बरपुरीमधिवसन्ततुल भुजवलविजित रिपुवलकामिनीजननयननिर्गत वारिपूर सुदूर समुत्सारित-मत्सरि क्षितिपति प्रतापानल प्रचंड भुजदंडकुंडलितको दण्डखंडनिर्गच्छच्छरनिकर प्रवाह जर्जरिकृतारि भूधरा सुरसंहरण वालगोपाल स्कांवोजवानापुरूवल्लीक पारसीकाद्युद्गतार्वरत्नसघाहससमुद्गत घसवल सामंत मंडली मौलिमंडितचरणसरोजः संपरिहारः श्रीमान्नभयमल्लश्चिरं जयतु श्रीशाके १२९८ फाल्गुन सुदि २ भौमे राइको आदेस् ॥

जुसि कांपिलीका अधिकारी कार्कीप्रति ॥ निम्लिका

माछा आथा ढुंखेतको गाग्री पाटालाइ । नया खेत । वडाखेत । वाज्या भुंवाका गठा डुंग्रिवगान । सिलधा ख्रो । भुगदि पाटो ३ कत्र आला २ मंमलाका तामापत्र शासन् कि । आचंडार्कश्छाइकि । महिराज सोति अभैराज सोति । प्रभु सोति । पसाकि अक्रचाछुं । सर्वदोष विशुद्ध । सर्वकर अकर किपसाकि अक्रचांछुं । क्षापागुंफा । कदित्यापोदलो पिठायो मोद अपुतालिमुडालि पेटालि ॥ जारिचोरिकोहिलैनन् पाव यो भाषा अभयमल्लकी शाखा वसाकि अकन सोतिकि शाखा भुंवः ॥ अत्र साक्षिणः रत्नत्रयाः । सूर्याचन्द्रभसौ जैतन्नह्म राउला॥ येवु राउला । उदैसिंघ राउला अछामि राउला शुभम्

शाके १३४३ को
पृथ्वी मल्लको ताम्रपत्र

१ ॐ स्वस्ति ॥ अत्यन्ताद्भुतदर्शनात्प्रतिदिनं सवीर्यचिन्तामणि । माङ्गल्यस्य निकेतनं नयनयोरानन्द

२ ...दुष्प्राप्यपरमल्पपुण्यविभवो मोहांधकारापहो ॥ जहनाद्यैरपि संस्तुतश्च भगवान् बुद्ध

३ श्चिरं पातुवः ॥ श्री राजराजेश्वर परम भट्टारक श्री राजाधिराज राजमुकुटेश्वरस्य श्रीप्रिथ्वीम

४ ल्लकी भाषा उदैसिंह रजवारा सुमतिवं रजवार सान्तपुर राजपरिवार चिरंजयतु ॥ अत्र शाके १३४३

५ मार्गशिरमासे शुदि एकादश्यां तिथौ बुधवासरे । रा उदैसिंह रजवारा सुमतिवं रजवार एति राजा ये लैन्तिले

६ कुशो संकल्प कि दोहोलि दत्तकी ताम्र सासनकी पशकी अकन्यो छ सुमेसर उपाध्यायेले पावो छ। इनु राजको चे

७ लीको चेलो दोसुमेस उपाध्याको चेलोको चेलो भुंचा सर्वकर अकरा सर्वदोष विशुद्ध चीरो जारो दंडा कुंडा मोडा अपुता

८ लि जारिचौरि नष्टा पलाया सर्वदोष विशुद्धकी अकन्याछु ॥ एति मोपशाकि मा छु । मलानि । अंको द्रामुनु । प

९ इमाका आल १३ तांम सहित ॥ अत्र सीक्षिणः सूर्यचन्द्रा भूमंडलका साक्षि जैसिंह थापा । थागु थापा विजु था

१० पा । जसु थापा मनिकु थापा सिखु थापो जुढु थापो व्यामु थापो वलिराज थापो । राउसु राउत् । मुमुरौल्यासक्रु धा

११ मि । नरू बुढो । रिडु बुढो । मुदै गुथाल मानि कुदानि जोथो कोतक खुण्य प्रतिपाला सो स्वर्गलोकवाजो यो पुण्यधा

१२ ल धलावा तस्को वांपगाद्धामा मूंग्रि । तस्की एकैसे कभी नर्क पदादिग्गजकमठ कुलाचल फणिपति वि

१३ वृतापि वलति वसुधेयां प्रतिपन्नममल मनसीनेविचलति पुंशांयुगान्तेपि शुभं

१४ स्वदत्तं परदत्तं वा ये हरंतां वसुंधरा । षष्टिवर्षसहस्राणि वृष्ट्यायां जायते कृमि । शुभमस्तु

१५ लिषित साक्षि जसु जोतिषी ।

शाके १३४३ को
पृथ्वीमल्लको ताम्रपत्र

१ ऊँ स्वस्ति ।। श्रीगणेशाय नमः ।। श्रीमति स्वस्तिकजलावतरुचक द्विपाल त्रिपाल चतुशाल सु

२ धाधवल सौधोत्सङ्ग गीतकामिनीकलकलाकुलितकलशार्ध मनोहर ।। श्री राजराजा

३ धिनाथ । परम भट्टारक । परमवैष्णव । श्री पश्चिमाभिधान रिपुमल्लस्य रालो । श्री

४ पृथ्वीमल्लस्य विजयराज्ये । श्री रिपुमल्लस्य सपरिवा रश्चिरंजयतु ।। श्रीजाचेशररा

५ जाधिराज । परम भट्टारक जिवचरणराधनकुशलस्य । शक्तिवर्मण । समेल

६ वर्मण । सुमतिवर्मण तस्य विजयराज्ये वलाङ्ग्या नामदुर्गस्य । शान्त पुरसपरिवार

७ श्चिरं जयतु ।। श्री शाके १३४३ मासे १० तिथौ ० वासरे ६ श्री राजराजेश्वर सुमतिवर्मरज

८ वारलैकातैं गावका आला २ पातलिका अघाला सहित नवाकोटको आलो डेढनाडिस

९ हित स्याउधा विसौनिका अवाउउधो । तिले कुशे संकल्प करि दोहोलि दत्तकि सु

१० मतिवर्म पसाकियो । सुमेसर उपाध्यालै पायो । सुमति

बर्मको चेलाइको चेलो हो

११ सुमेसर उपाध्याको चेलाईको चेलो भुँचासर्वकर अकर। सर्वदोष विशुद्धा चोरिजा

१२ लि मुडालि पेटालि। नाठपैठ। आकासको ढिडो। पातालकि निधू एति दोष विशुद्धः।

१३ अत्र साक्षि। सूर्यचन्द्र। भूमंडलका साक्षि। अमाढा अभैराज भाषाआ

१४ दिवं राउला। नरु थापा। सोहडथापा। गाजिवं थापा। देउवं थापा। चंद्र

१५ व थापा। पिथुरो थापा। केसु राउत। सानु षड्गाहा। यो तामापत्रको ढा

१६ जो जोपाल घलाव तास्कि एकै सै पुरुषा महारौरव नर्क पडा जो यो भाष

१७ पतिपाल सो पुन्य पाइय। स्वदत्तं परदत्तं वा, ये हरंति वसुँधरा ष

१८ ष्टीवर्ष सहस्राणि वृष्टायां जायते कृमि। शुभं।

१९ लिषित साक्षि जसुदैवज्ञ।

शाके १३४८ को
राजा सुमति ब्रह्मको ताम्रपत्र

१ ऊँ स्वस्ति। विघ्नेश्वर सफल्लभंकजलापकारो श्री मत्सुरासुरसमनार्चित पादपद्माव

२ द्धकारहरलकरुग्रमुर्तिदुर्गात्मजादरुवोदुरितानि सद्य। श्री राजाद्विराज प

३ रम भट्टारक परममाहेश्वर श्री सुमतिब्रह्म श्चिरं जयतु। श्री शाके १३४८ माघसुदि गुरु

४ वार श्री सुमतिब्रह्म रजवारको आदेश उदैसिग् रजवारको आदेश कुंदि वाज्रुका अधिका

५ रिकार्कि बुढा थापा रोकाया खुबास भै प्रति अम्कोपसलारि दादिम पढो गंष। लगवंडाचाढो

६ टाकुका तालि पिपले उधो। माला पला नपोला पढो निला षाल वोढा बाट उभो एंति तिल

७ कुस सहित संकल्प करि सुमेसर उपाध्या। पस्तकियां छु सुमतिब्रह्म उदै सिग दुहै

८ का चेलिका चेला दिन सुमेसर उपाध्याको चेलिको चेलो भुँचा सर्व कर अकर सव दोष

९ विसुद्ध हिल पानि धुल स्याउलिमो सुप्र पुला लिरू। रिचोरि मुडालि पेरालि डाका मकाढिउ

१० पातालकि लिधसलै छाडि धामर्म छौ। जो यो पुन्य घाल घला तसो कुकि नडापडा तग

११ सुग्रि वाप्गाधहा अत्र साछि सूर्य चंद्र भूमंडलका साक्षिण अमात्य थागु थापा

१२ नैसिग थापा सानुकं विसुगजि ब्रह्म थापा। छिषु थापा सारु खड्गा असुन वमदाधि

१३ कारिकरम्मा बुहो लिषित रांधु जोइसि। स्वदत्तं परदत्तं वा ये हरन्ति वसुधरां। सास्त्रिवर्ष सहस्रानि विष्टाया जायते कृमि सुभम्

शाके १५७० को
डोटी दिपायल दिलीपेश्वरमन्दिरको भित्तामा रहेको पाहाडी साहीको शिलालेख

(१) श्रीगणेसाये नमः। श्री साके १५७० श्री

(२) संवत १७०५ ।। राजा पहाडी साहि वजीर

(३) नागम विष्ट।। सिवनाथकी कै ।। मसाहो

(४) जे र कृमी

शाके १६२३ को
वझाङ् तलकोटका राजा भूपतिसिंहको ताम्रपत्रको नकल

ऊँ स्वस्ति ।। श्री शाके १६२३ ज्येष्टमासे २ भृगुवासरे ६ स्वातिनक्षत्रे १५ श्रयोदश्यांतिथौ १३ श्री राजाधिराज भूपतिसिंह पादा चिरं जयतु माधुसिंह पादा चिरं जयतु भोपतिसिंह रजवारले माधुसिंह गोसाइ जिउले मयाचित यो सिगातु धराला विक्रम धनालाले देउरोटिमउ अपुतालि मेटि पायो ।। सर्वकर अकर गरि पायो छ टाकुरले मयाचितयो छ यैं वाचा भित्र धन देलो भग्न नैन धात्या किव्वात सुनैन ।। धात्यकिघात सुन्य राजाको धर्म वाजि जाला विक्रम धरालाका नाति पुतले ठाकुर छाडनैन ।। मेदनिसिंहका नाति पुतले धर्म राषनु नाना दोष नडागु ठुला दोष नमार्नु राडि स्वासनी मुव्य छोतो भयाका दिन ठाकुरका नातिपुतले पालि षानु षडो

उषेडो संग्राति वलक नषानु और संग्राति षानु येसो साक भाक छ अत्र साचि सुर्ये चन्द्र साचि पौन पानि भुमण्डलका साचि हितपुरनसिंह जतु थापा मानिकु जोइसि वेत्कालिसाचि गण्डाउलासमदु जोइसि साचि संग्राम थापा सगुसिंह साचि लिषित साचि अपनि वाडलि उषेडो धांड्य सुनार साचि ।। ।। स्वदत्तं प्रदत्तं वा जेन हरंति वसुँधरा षष्टिसहश्र वर्षाणि विष्टायां जायेते कृति ।। ।। सत्यराम ।। राम ।। राम ।। ।। शुभम्

शाके १७०१ को कृष्णशाहीको ताम्रपत्र

स्वस्ति श्री साके १७०१ समये चैत्र शुदी १५ श्री माहाराजाधीराज श्री रैका कृष्णसाइ पादा चिरं जयतु श्री रैकाज्यूपायले मयाचितोइ करियाषेत आज ८ आठ प्रद्युमन जोइसिले वरधा लागो गरि पायो अत्र साछी चंद्र सूर्य भूमंडलका साछी श्री दीप साही गुसाइज्यू सगरम साही देवान जैदेव पडम ज्यू पुरोहित जसु कठाइज्यू नेव देउचन साउन भागीरत गौलीनार सींग खडका सुना धानुक कल्यान धानुक विरसीग धानुक जरीवान वोरो वयालही वासेरालो रैकाल लीषीत साछी सीवराम पंथ अन्यथा नास्ति ।

वि. सं. १८५० को श्री ५ रणवहादुरशाहले पाहाडी साहीलाई गरिदिएको लालमोहर

स्वस्ति श्री गिरिराज चक्र चूडामणि नरनारायणेत्यादि विविध विरूदावालि विराजमान मानोन्नत श्री मन्महाराजाधिराज श्री श्री श्री महाराजे रणवहादुर साहवहादूर शाह सम्सेर जङ्ग देवानाम् सदा समर विजयिनाम्

आगे पाहाडसाहीके डोटीको रजाइँ तम्रा वावा विष्णुसाहीलाई वक्स्याको हो आजसम्म तम्रो वाहालि चल्याको जगा र छान्नु थलाहारो समेत थपि तिमिलाई रजाई थामि वक्स्यौं आज हालसाल दुई कम्पनीको दर्माहा तेईस हजार दुईसये असि २३२८० रूपञा सालिन्ना भर्नु हाम्रो सोझो गरि वाउन्न लाषका सरहशित हान्ना ठाउ हान्नु कुर्नाठाउ कुर्नू गरि आफ्ना षातिर्जामा शित रजाइ जानि भोग्य गर इति सम्वत् १८५० साल मिति कार्तिक शुदि १३ रोज ६ मोकाम कान्तिपुर राजधानि शुभ्म्

वि. सं. १८८६ को वाजुरा मालिका देवीको भण्डार घरमा रहेको घण्टाभिलेख

स्वस्ति श्री गजराजसिंह नृपतिः श्री मालिका प्रीतये ।
घण्टानाद मनोहरां सुललितां सद्बुद्धिमानर्पयत् ।।
या देवी सकलार्थदा हिजगतां सर्वैक वन्द्यां तु सा ।
देवी मङ्गलमातनोतु नृपतेः श्री मालिका सर्वदा ।।१।।
श्री शाके १७५० सम्बत् १८८६ मास १ तिथौ १५ रोज शुभम्

वि. सं. १९०३ को वाजुरा मालिकादेवीको भण्डारघरमा रहेको नगडाभिलेख

स्वस्ति श्री सम्वत् १९०३ सालमिति श्रावण शुदि १४ रोज २ का दिन श्री मालिका माइ प्रीति गरि श्री मच्चौतरिया मीन विक्रन शाहले चढायाको नगरा हो येस्मा जस्ले लोभानि पापानि गर्ला पञ्च महापातक लाग्ला शुभमस्तु

वि. सं. १९०४ को रूक्का लालमोहर

श्रीदुर्गा

श्रीमालिकादेवी	श्री ५ वाज्याज्यू
१	२

स्वस्ति श्री मन्महाराजाधिराजाकस्य रूक्का

आगे जयदेव जोसीके जिल्लै डेटि चौकि गर्षा मध्ये काजी अमर सिंह थापा मार्फत···१···का नित्यपूजा भोगवलिदान निमित्य···२···बाट वक्सि गूठ चह्रायाको वटोला गाउ १ नयांघर गाउं १ वोगटी गाउ १ जमागाड३ को आमदानीले अखण्डवत्ति नित्य नैमित्य पूजा गर्नु भनी तिम्रा वाज्या नारायेण जोसीलाइ पूजाहारि कामको मोहर गरि वक्सनु भयाको आजसम्म थामियाकै छ मेरा नाउमा मोहर गरिवक्स्या सर्कारको जय मनाई पूजा गर्दाहुँ भनि श्री प्राइम मिनिष्टिर यान कम्यांडर ईनचिफ जनरल जङ्गवहादुर कुँवर मार्फत हाम्रा हजूरमा विति पार्दा जाहेर भयो तसर्थ अधिका वमोजिम दरियाका गुठी जग्गावाट पोता आमदानीका रूपैआले अषण्डवत्ति आजापूजा चलाउनु भनि हामिले पनि लालमोहोर गरिवक्स्यौं अघि देषि चलि आया वमोजिम नित्य नैमित्य आजापूजा अषण्ड वत्ति चतुर्मास पाठ सदावर्त चलाई हाम्रो जय मनाई गुठी जानि चलन गर इति सम्वत् १९०४ साल मिति पौष सुदी १२ रोज २ शुभम्

मार्फत जयवहादुर कुंवर
मार्फत जंगवहादुर कुंवर

वझाङ तलकोटका राजा सुदर्शन शाहले महेश्वर सिंहलाई लेखेको पत्र

ॐ स्वस्ति श्री महाराजाधिराज चक्र सुदर्शन साहज्यू को आदेश महेश्वर सिंह हाम्रो भला सुकालियाको समाचार... कि कृपाले भलो छ ताहां सामाचार भला चाहन् विसेष राजा राह मान भंडारि साम्नु राजा पुग्या सामाचार पायौं सन्तोक मानौं आफ्नु सद्धा राखौं वोल विन्ति गरौं भन्या होलि औसजका दिन आफु जिय छेत्रपुर तिमिले पुग्नु चाइदो छ ज्यामथ सावरि गर्नु होला याइ वसि होला शुभमस्तु

विश्वकर्मा: एक संक्षिप्त अध्ययन

हरिराम जोशी

हिन्दु देवमालाका सुप्रसिद्ध देवताहरू मध्ये विश्वकर्मा पनि एक रहेको छ। यिनी केवल पुराणकालीन देवता मात्र नभई ऋग्वेदकालीन देवता भएको कुरा ऋग्वेदिक ऋचाहरुको अध्ययनबाट जानिन्छ। ऋग्वेद १०।८१।१–४ ऋचामा पृथ्वीका सृष्टिकर्ताको रूपमा विश्वकर्मालाई लिनुको साथै तिनको आकृति बारे वर्णन गरिएकोछ। (१) त्यसमा विश्वकर्मालाई चारैतिर आंखा, मुख, बाहु औ पैर भएको भनी उल्लेख गर्दै आफ्ना हात खुट्टाले पृथ्वीलाई सृष्टि गर्ने रूपमा चित्रित गरिएकोछ। ऋग्वेद ७।३५ ऋचामा तत्समयका देवताहरुको नामक्रममा त्वष्टाको उल्लेख आएकोछ। (२) अमरकोष अनुसार त्वष्टा विश्वकर्मा–को अर्को नाम रहेकोछ। हिन्दु अनुश्रुति अनुसार त्वष्टाकी छोरी संज्ञाको विवाह सुर्यसित भएको थियो। तर, संज्ञाले सूर्यको तापलाई सहन गर्न नसकेको हुंदा त्वष्टाले सुर्यको तापलाई केही टाँसेर त्यसबाट विष्णु, महादेव आदि देवताहरूको लागि चक्र, त्रिशुल आदि हथियारहरु निर्माण गरिदिए। मार्कण्डेयले यस कुरा–तिर इंगित गरेकोछ (३)। यस कुराको संकेत महाकवि कालिदास विरचित "रघुवंश" महाकाव्यमा पनि गरिएकोछ (४) विश्वकर्माका उपर्युक्त स्वरुप तथा कार्यले तिनी अपरिमित शक्ति सम्पन्न भई ब्रम्ह स्वरुप भएको कुरा सूचित गर्दछ। यिनी विश्वाधार परब्रम्ह भएको कुरा बशिष्ट पुराणबाट जानिन्छ। "विश्वकर्मा परब्रम्ह जगदा धार मुलकः" भनी उक्त पुराणमा यिनको महत्वको वर्णा गरिएकोछ।

उपर्युक्त ऋग्वैदिक ऋचाबाट विश्वकर्मा सृष्टिको देवता भएको कुरा मानिन्छ। यिनले द्यौ एवं पृथ्वीको सृष्टि गरेका थिए। यहीनै कारण छ यिनलाई निर्माणका देवता औ शिल्पकलाका आदि प्रवर्तकको रुपमा लिइन्छ। मत्स्य पुराणले यिनलाई वास्तु शास्त्रका अष्टादश उपदेशकहरु मध्ये एक मानेकोछ। यिनले श्रम औ नियमनको प्रवर्तन गरी संसारलाई नूतन रुप दिएका थिए। विश्वकर्मा नाम मै यो अर्थ प्रकटित हुन्छ कि सम्यक सृष्टि कर्म व्यापार जस्को छ त्यो नै विश्वकर्मा हो (५)। यजुर्वेदको रुद्राष्टाध्या–यीमा भगवान विश्वकर्मालाई "तक्षा" "औ वर्मार" भनी संबोधन गरिएकोछ (६)। विश्वकर्माका यिनै गुणहरुको कारण प्राचीन मनीषिहरुले यिनलाई जगन्नियन्ता विराट, विष्णु, शिव, त्वष्टा, तक्षा, नारायण, विश्व–रुप, कश्यप, वाचस्पति, प्रजापति, हिरण्यगर्भ, जगद–गुरु, शिल्पाचार्य आदि नामले आदर प्रकट गरेका छन। वेदमा "विश्वतश्चक्षुरुत विश्वतोमुखा विश्वतोबाहुरुत विश्वतस्यात" भनी यिनको सर्वव्यापकता, सर्वज्ञता, शक्ति सम्पन्नता औ अनन्तता देखाइएकोछ। यजुर्वेदिक ऋचामा यिनलाई सर्वज्ञ, जगतउत्पादक, विमना विविध विज्ञानयुक्त सर्वव्यापक, गगनवत विकारहीन अक्षोभ्य, सर्वाधिकरण सम्यक संसारका धाता, सर्वोत्कृष्ट औ सम्पुर्ण प्राणीका पाप तथा पुन्यलाई देख्ने भनी वर्णन गरिएकोछ (७) ॐ प्रजापतिर्विश्वकर्मा मनोगन्धर्वः सूर्य इन्द्र ब्रम्ह क्षत्रं पातु तस्मै स्वाहा वा ।। भन्दै हाम्रा मनीषिहरुले विश्वकर्मालाई प्रजापति, सर्वकर्म प्रेरक औ पृथ्वीलाई धारण गर्नेको रुपमा वर्णन गरेका छन। ऋग्वेदमा यिनलाई लोक कल्याणकारीको रुपमा चित्रित गरिएकोछ (८)। अथर्ववेद अनुसार तिनी रक्षक सदभावहरुको जनक रहेकोछ (९)। सामवेद द्यौ एवं पृथ्वीका समस्त प्राणीहरुमाथि अनुग्रहको लागी तिनी सित प्रार्थना गरेकोछ (१०)। श्वेताश्वतरोपनिषदमा विश्वकर्माको सार्वभौमिकताको सुन्दर वर्णन पाइन्छ।

यी सबै आधारहरूबाट विश्वकर्मा एक महाप्रसिद्ध देवता भएको निर्णित हुन्छ ।

ऋग्वेदिक कालको बाद ब्रम्हा, विष्णु औ महादेवलाई सृष्टि, स्थिति औ क्षयका देवताको रुपमा मान्दै यिनीहरुको एकात्म्य रुप त्रिमुर्तिको कल्पना हाम्रा मनोषिहरुले गरेका थिए । सृष्टिकर्ता ब्रम्हा चर्तुमुखी रहेको छ, जसले ऋग्वेदमा वर्णित सृष्टिकर्ता विश्वकर्माको स्वरुपसित तादात्म्य राख्तछ । विश्वकर्माका विभिन्न नामहरुमध्ये धाता, प्रजापति आदि पनि भएको कुरा उपर्युक्त वर्णनहरुबाट जानिएका छन जुन अमरकोष अनुसार ब्रम्हाका विभिन्न नामहरु मध्येका छन । यीनै विशेषतया आधारहरु छन जसको कारण यिनलाई ब्रम्हाका दोश्रो शरीरको रुपमा स्कन्दपुराणले उल्लेख गरेका थिए (१२) । सृष्टिका दुई रुप छन आध्यात्मिक तथा भौतिक । ब्रह्मा आध्यात्मिक सृष्टिका जनक छन भने विश्वकर्मा भौतिक सृष्टिका । यस कुरोलाई तिनीहरुका प्रहरणहरुको अध्ययनबाट स्पष्टतः अनुमान गर्न सकिन्छ । आध्यात्मिक सृष्टिका कर्ता ब्रह्मा पुस्तक, कमण्डलु अक्षमाला, स्रुक स्रुव, आज्य स्थालि तथा कुर्च आदि प्रहरणहरुले युक्त भई अभय एवं वरद मुद्रा लिएका हुन्छन भने विश्वकर्मा मुद्गल तथा ज्यावललाई आफना प्रहरण स्वरुप हातमा लिने हुन्छन । यद्यपि विश्वकर्माका मुर्ति यहाँ नगण्यमात्र छन तापनि सर्वथा अभावनै छन भन्न मिलेन । क्रिष्टाब्दको द्वितीय शताब्दीका कुषाण सम्राट हुविष्कको एक प्रकारको मुद्रामा उत्कर्ण विश्वकर्माले मुद्गल तथा चिमटा समातेको देखाइएकोछ (१३) । मध्यकालिन नेपालका दुई सुप्रसिध्द मन्दिरहरु तथा पशुपति क्षेत्र स्थित पशुपतिनाथको तथा पुर्व १ नं. पुण्यवतमा स्थित इन्द्रेश्वर महादेवका मन्दिरका टुनालहरूमा उपर्युक्त प्रहरणहरुले सम्पन्न विश्वकर्माका आकृतिहरु कुंदिएका छन । यसको अतिरिक्त विश्वकर्माको पुजा गर्दा ज्यावलहरुमा मात्र पुजा गर्ने चलन पनि यहाँ देखिएका छन । यिनका उपर्युक्त ज्यावलहरू भौतिक सृष्टिको लागि आवश्यक मानिन्छ । यिनले अमरावती, अलकापुरी , पार्वतीको विवाह मण्डप, इन्द्रप्रस्थ, वृन्दावन तथा लंका निर्माण गरेका कुरा वर्णित छन । यसको साथै यिनले सुर्यलाई टांसेर तिनका तेजाँशबाट देवताहरुको लागि अनेक आयुधहरुको निर्माण गरेका थिए । त्रिपुरासुरको वधको लागि विश्वकर्माले एक दिव्य रथको निर्माण गरेका थिए भने इन्द्रलाई दधीचीको अस्थि बनाई अर्पण गरेका थिए । वाल्मिकी रामायण अनुसार यिनले ब्रह्माको लागि पुष्पक विमान निर्माण गरेका थिए । महर्षि व्यास रचित महाभारतमा विश्वकर्माबाट निर्मित एक भव्य सभामण्डपको वर्णन पाइन्छ । यसकै कारण पनि महाभारत घटित हुन गएको थियो । महाभारत आदि पर्वमा विश्वकर्माले पाण्डवहरुको लागि ईन्द्रप्रस्थनामक एक नगर पनि निर्माण गरेको कुरा वर्णित छ । पद्म पुराणको भूखण्डमा स्वर्ग, पृथ्वी, पातालमा जति पनि शिल्प प्रत्यक्ष छन तिनीहरुका प्रवर्तक विश्वकर्मालाई नमस्कार गरिएकोछ (१४) । यी उदाहरणहरु उपर्युक्त तर्कको पुष्टिको लागि सहायक स्वरुप छन । यसरी ब्रम्हाका हातमा रहेका प्रहरणहरुले आध्यात्मिक सृष्टितिर इंगित गर्दछन भने विश्वकर्माका प्रहरणहरुले भौतिक सृष्टितिर । यसमा दुई मत होवैन ।

विश्वकर्माको अध्ययनमा ऋग्वैदिक अद्वैत दर्शनको झल्को पनि पाइन्छ । स्त्री पुरुष सबै देवताहरु एउटै देवतासित तादात्म्य राख्ने भएर सतनै अद्वैत ब्रम्हा मानिन्छ । वैदिक दर्शन एवं धर्मको निचोड यहिनै छ (१५) । विश्वकर्मा, बिष्णु, ब्रम्हा , सूर्य आदि नामले विख्यात हुनुको साथै सरस्वती नामले पनि पूजित छन । पद्म पुराण विष्णु र विश्वकर्माका कुनै अन्तर देख्तैन (१६) । स्कन्दपुराण विश्वकर्मा लाई ब्रम्हाको दोश्रो शरीरको रुपमा स्वीकार्छ (१७) । विश्वमेदिनी कोषमा यिनलाई सहस्र रश्मिहरुबाट सवलित सविताको रुपमा वर्णित छ (१८) । स्कन्दपुराणको नागरखण्डमा यिनीलाई विद्याकी देवी सरस्वतीको अवतारको रुपमा पनि वर्णन गरिएकोछ (१९) । ने० सं० ८५१ को ललितपुर स्थित मन्जुश्री मन्दिरको अभिलेखमा मन्जुनाथ, सरस्वती तथा विश्वकर्मा तीनैलाई एउटै परब्रम्हको रुपमा दर्शाइएकोछ । यी विभिन्न वर्णनहरुमा यिनी अब्दैत ब्रम्ह रुप मानिनु उपयुक्त नै लाग्दछ । अनि तीं ब्रम्हस्वरुप भगवान प्राणीमात्रको वन्दनीय रहेर तिनी

परब्रह्मको रुपमा पूजित छ ।

उपर्युक्त विभिन्न साहित्यिक सामग्रीहरुको अतिरिक्त पुरातात्विक आधारमा पनि यो देवताको प्राचीन पुजा परम्पराको पत्तो हुन्छ । कुषाण सम्राट हुविष्कको एक प्रकारको मुद्रामा दायां हातमा मुद्गल औ वायाँ हातमा चिमटा लिएका देवताको आकृति उत्कीर्ण छ, जुन विश्वकर्माको आकृति भएको स्पष्ट छ (२०) । यस मुद्राको प्राप्तिबाट बिश्वकर्माका प्रहरण विषय विदित हुनुको साथै विश्वकर्माको सर्वप्राचीन स्वरुपको निदर्शन हुन्छ । ललितपुर ज्याठा टोलको नेपाल संम्वत ७६४ को एक अभिलेखमा विश्वकर्माको प्रासाद जिर्णोद्धार गरिएको कुरा वर्णित छ (२१) अनुमानित १७ औ ,१८ औं शताब्दी देखी विश्वकर्मा देवस्थलको रुपमा प्रख्यात एक भवन ललितपुर हौंगलस्थित ईखा गल्लीमा छ । एक भिन्नै देव मन्दिरको रुपमा नभएता पनि घरको ढोकामा दुबै तिर व्दार रक्षकको रुपमा तामाका दुइटा सिंहहरु प्रतिष्ठापित यो भवन विश्वकर्माको देवस्थलको रुपमा विख्यात छ । विश्वकर्माका आकृहरु मध्यकालिन नेपालका सुप्रसिद्ध देवमन्दिरहरूका टुनालहरुमा कुंदिएको कुरा माथि वर्णन भइसकेका छन । यी विभिन्न आधारहरुबाट विश्वकर्मा नेपालमा पूजित विभिन्न देवताहरु मध्ये एक भएको कुरा स्वत: सिद्ध छ ।

उपर्युक्त विभिन्न आधारहरुबाट विश्वकर्मा सृष्टिको प्रारम्भिक समय देखिनै एक प्रसिध्द देवताको रुपमा मानिदै आएको कुरा जानिन्छ । तर, ऋग्वेदिक कालपछि सृष्टिका देबताको रुपमा ब्रम्हाको प्रादुर्भाव पछि यो देवताको स्थान खस्किन लागेको थियो, जस्तो लक्ष्मीको प्रादुर्भाव पछि धनाधिपति वैश्रवणको महत्व घट्न गएको थियो । यसरी भन्दैमा विश्वकर्माको उपासना गर्ने मानिसहरुले सर्वथा छोडे भन्ने होइन । शिल्पकारहरुको अत्यधिकता भएको यो देशमा यी देवता अद्यापि शिल्पकारहरुबाट ठुलो श्रध्दा भक्तिसाथ पूजित छन । यिनलाई शिल्पका अधिष्टाता देवताको रुपमा स्वीकार्छन ।

टिप्पणी

१. य इमा विश्वा भुवनानी जुहवदृषिर्होता न्यसीदत् पिता न: । स आशिषा द्रविणमिच्छदवरां आ विवेश । ।१। । किं स्विदासीदधिष्ठानमारम्भणं कतमत् स्वित् कथासीत् । यतो भूमि जनयन् विश्वकर्मा विद्यामोर्णोन्महिना विश्वचक्षा: । ।२। । विश्वतश्चक्षुरुत विश्वतो मुखी विश्वतो बाहरुत विश्वतस्यात् । सं बाहुभ्यां धमति सं पतत्रैर्द्यावाभूमि जनयन् देव एक: । । ३ । किं स्वदनं क उ स वृक्ष आस यतो द्यावा पृथिवो निष्टतक्षु : । मनोषिणो मनसा पृच्छतेदुतद्यध्यतिष्ठद् भुवनानिधरयन् । ।४। ।

ऋग्वेद १०।८१

हेर्नोस – राहुल सांस्कृत्यायन -- ऋग्वेदिक आर्य, १९५७ ई., पृ. ४९४, ४९६

२. हेर्नोस — राहुल सांस्कृत्यायन–ऋग्वेदिक आर्य, १९५७ ई., पृ. ४५४,

विश्वकर्मा त्वनुज्ञात: शाक व्दीपे विवस्वता । तत्तेज: शातनायोपचक्रमे । ।

मार्कण्डेय

४ आरोग्य चक्रभ्रममुष्णतेजा: त्वष्ट्रेव यत्नो लिखितो विभाति । ।३२। ।

रघुवंश, षष्ठ सर्ग

–: मृगरत्रिर्वशिष्ठश्च विश्वकर्मा मयस्तथा । नारदो नग्न बिच्छैव विशालाक्ष: पुरन्दर: । । ब्रम्हा कुमारो नन्दीश: सौनको गर्ग एव च । वासुदेवो विरुध्दश्च तथा शुक्र बृहस्पती अष्टादशैते विख्याता वास्तुशास्त्रोपदेशका: ।– मत्स्य पुराणम, अध्याय २५२ श्लोक २ ४

हेर्नोस– जे. एन. वनर्जी–देवलभमेण्ट अब हिन्दू आइकोनोग्राफी, ई. सन १९४१, पृ. १५

५ विश्व किरस्न कर्म व्यापारो वा यस्य स: । ।

६. "नमस्तक्ष व्ययोम्य कारब्भ्यश्चवो नमोनमः । कुलालेब्भ्रयः कर्माः रब्भ्रयश्चवो नमोनमो ।"

–रूद्राष्टाध्यायी

७. "विश्वकर्मा विमना आव्दिहाया धाता विधाता परमात् सन्दृक । तेषा मिष्टानि समिषा मिन्दन्ति यत्र सप्तऋषीन् पर एकमाहुः ।"

–यजुर्वेद, अ. १७, भं. २६

८. "ॐ वाचस्पति विश्वकर्माण मृतय मनोजुवंवाजे अथा हुवेम ।
स ना विश्वानि हवनानि जोषव्दिश्च शम्भूरवसे साधुकर्मा।

–ऋ ८–३–१८–७

९. "ओम् सा विश्वाटः सा विश्वकर्मा । सा विश्वधायाः ईन्द्रस्य त्वा भाग सोमेनातनक्ष्मि । विश्णो हव्यं रक्ष ।"

–अथर्वेद

१०. विश्वकर्मन्हविषा वावृधानः स्त्रय यज स्वतन्मन स्वहिते मुद्रयत्वन्त्ये अमित बना सहास्मांक मघबा सूरिरस्तु ।

सामवेद

११. एष देवो विश्वकर्मा महात्मा सदा जनाना हृदये सन्निविष्टः । हृदा मनीषी मनसाऽभिक्लृप्तो एत व्विदुरमृतास्ते भवन्ति ॥

–श्वेताश्वतरोपनिषद् ४–१७

हेर्नोस –सि. राजगोपालाचारि –उपनिषदस, भारतीय विद्या भवन, ई. सन् १९६३, पृ. ३९

१२. " विश्वकर्माऽभवत्पूर्व ब्रम्हणस्त्व पुरातनुः"

–स्कन्द पुराण

१३. हेर्नोस् बि. सि. सरकार-सेलेक्ट इन्श्रिक्प्सन्स, १९३५ ई. पृ. १६०

वासुदेवस्तु तच्छ्रुत्वा विश्वकर्माणमुचिवान् कुरुष्व राजराजस्य महेन्द्रपुरसन्निभयम । इन्द्रेणकृतनामानं इन्द्रप्रस्थं महापुरम् ॥ महाभारत, आदिपर्व २२७, ५६–५७

हेर्नोस – जे. एच. देभ–इम्मोर्टल इन्डिया, भोल२, पृ.१८९

१४ "दिवि भव्यर्तरिक्षे वा पाताले वापि सर्वज्ञः यत्किचि–च्छिल्पिनां शिल्पं तत्प्रवर्तक ते नमः"

पद्मपुराण, भूखण्ड

१५. "त्वम् अग्ने अदितिर् देव दाशुषे त्वं होत्रा भारती वर्धसे गिरा ।
त्वम इला शतहिमासि दक्षसे त्वं वृत्रहा वमुपते सरस्वति ॥

–ऋ. २।१।११

इन्द्रं मित्रं वरुणम् अग्निम् आहुर्.. ... ..एकं सद् विप्रा वहुधा वदन्ति"

–ऋ. १।१६४।४६

हेर्नोस– हरिराम जोशी–नेपालको प्राचीन अभिलेख, २०३० विक्रमाव्द, पृ. १३७

१६. "विष्णुश्च विश्वकर्मा च न भिद्यते परस्परम्"

पद्मपुराण

१७. हेर्नोस – उपर्युक्त नं.१२

२८. "विश्वकर्मा सहस्त्रांशौ मुनिभिदेव शिल्पिनोः ।"

विश्वमेदिनीकोष

"१९. विष्टी सर्वज्ञ रुपोऽय त्वष्ट्र रुपा सरस्वती ।"

स्कन्द पुराण नागरखण्ड

हेर्नोस–हेमराज शाक्य-मेडिएवल नेपाल, १९७० ई., पृ.२१६

२०. हेर्नोस–बि. सि. सरकार–सेलेक्ट इन्स्क्रिप्सन्स, १९६५ ई. पृ. १६०

२१. हेर्नोस–हेमराज शाक्य–मेडिएवल नेपाल, १९७०ई, पृ.११६



फलक ल

चित्र १

फाखेलमा फेला परेका धातुका प्रतिमाहरू

–रमेशजङ्ग थापा

हाल सालै फाखेल चौर गाउँ पञ्चायतमा धाराको लागि जमीन खन्ने सिलसिलामा ठूलो संख्यामा धातुका प्रतिमाहरू फेला परेका छन् (१)। प्रतिमाहरू मध्ये एउटा अर्धनारीश्वरको प्रतिमामा अभिलेख अंकित छ। यस अभिलेखमा राजाको नाम तथा समय र दाताको नाम स्पष्ट रूपमा उल्लिखित छ। अर्धनारीश्वर बाहेक अन्य दश थान प्रतिमाहरू विभिन्न देवी देवताका हुन् जसको सम्बन्धमा तल यथास्थानमा विचार गरिने छ। उपरोक्त एघार थान प्रतिमाहरू बाहेक दुई थान घण्ट र एउटा गजुर आकारको अभिलेख–अंकित पाथी पनि फेला परेको छ। सौभाग्यवश पाथीको अभिलेखमा समेत "महासामन्त"को नाम र समयको उल्लेख छ।

नेपालीका लागि यस आकस्मिक उपलब्धिको एकै साथ कैयन महत्व छन्। इतिहास र कला दुवै दृष्टिबाट फाखेलको अभिलेख–अंकित प्रतिमाहरूले एउटा नयाँ दिशा प्रदान गरेको छ भन्नु अतिशयोक्ति हुने छैन। कारण, मिति र अभिलेख–अंकित धातुका प्राचीन मूर्तिहरूको स्वल्पता (र अझै भनौ अप्राप्यता)ले गर्दा, स्वतः यसको असाधारण महत्व त छनै, त्यसका साथसाथै लिच्छविकाल पछि र जयस्थिति मल्ल अघिको, नेपालको धुमिलप्रायः इतिहासको खोजीको काममा पनि, यसले हामीलाई केही सघाउ पुऱ्याउने हुनाले यसको ऐतिहासिक महत्व पनि एकदमै नभएको होइन।

यसरी मैले माथि उल्लेख गरेको अर्धनारीश्वरको प्रतिमा (चित्र १)को सर्वोपरी महत्व भएकोले, यस सानो लेखमा यसै विषय माथि अपेक्षाकृत गहिरीएर विचार गर्ने प्रयास गरेको छु (२)। अरू प्रतिमाहरूको वर्णन, अहिलेका लागि सरसरती,'छोटकरीमा मात्र गरिने छ।

फाखेल अर्धनारीश्वरीको यो सुन्दर प्रतिमा (चित्र१,२) साढे दश इन्च (१०½) अग्लो छ। पिटेको तामाको पातामा, अर्धनारीश्वरलाई उत्थापनविधि (Repousse' Technique) मा बनाइएको छ। यसमा सुन मोलम्वा गरिएको

---

१) मकवानपुर जिल्ला (नारायणी अञ्चल) फालेख चौर गाउँ पञ्चायतमा धारा खन्ने सिलसिलामा धेरै मूर्तिहरू फेला परेका छन् र सम्भवतः त्यसलाई दबाउने वा चोरी निकासी गर्ने गराउने प्रयास हुँदैछ; तसर्थ समयमै तिनीहरुलाई कब्जामा लिई सुरक्षाको समुचित प्रबन्ध मिलाउन पऱ्यो भन्ने सूचना प्राप्त भयो। सो सूचना प्राप्त हुनासाथ विभागीय अधिकृतहरू र प्रहरीको एक संयुक्त दल त्यसतर्फ पठाइए। संयुक्त दलमा, पुरातत्वको तर्फबाट श्री पूर्णहर्ष, श्री सानुराज र श्री भैरव बहादुर तथा प्रहरीको तर्फबाट फर्पिङ र काठमाडौंको स. इ. प्रहरी जवानहरूलाई सम्मिलित गरिएको थियो।

२) यस लेखमा, प्रस्तुत उपलब्धिलाई, मुख्यतः कला पक्षबाट मात्र अध्ययन गर्ने उद्देश्य राखिएकोले अभिलेख पक्ष (अथवा इतिहास पक्ष) माथि यहाँ बढी चर्चा हुने छैन। यस पक्ष माथि अलग्गै, अर्को स्थानमा विचार गरिने छ। यसको अभिलेख पक्षको अध्ययन स्वयं एउटा वृहत् र अद्भूत रूचिको विषय बन जाने हुनाले, त्यसलाई उपयुक्त किसिमसंग यथास्थानमा प्रस्तुत गर्नु लाभदायक हुने छ। तथापि, प्रस्तुत लेखमा पनि यसको अत्यावश्यक प्रसंगबाट पाठकले वञ्चित रहनु पर्ने छैन।

छ (३) । माथिल्लो भाग (शिरो भाग) अभिलेख-अंकित छ (चित्र ३) । अभिलेखबाट अर्धनारीश्वर (र अन्य प्रतिमाहरूको) रचना ने. सं. १२५ मा भएको बुझिन्छ । गद्दीनसीन महाराजाधिराजको रूपमा एक जना अर्जुन देव ("महाराजाधिराज परम माहेश्वर श्री मदार्जुण देवस्य विजय राजे")को उल्लेख र मुख्य सम्बन्धित दाताको रूपमा एउटा पद्मोदर सिंहको उल्लेख छ । निजले आफ्नी भार्या सहित, अतीतका पूर्वजहरूको सद्गति र सन्तान, बन्धुबान्धव आदिको प्रवर्धन एवं भलाईका लागि,यो विभिन्न देवी देवताहरूको मूर्ति बनाउन लगाइ प्रतिष्ठा गर्न लगाएको तथ्य पनि सम्बन्धित अभिलेखबाट विदित हुन्छ । कमलको आसन माथि अर्धनारीश्वर, समभंग मुद्रामा, सशक्त रूपले उभिएको छ । देब्रे भागमा पार्वतीको र दाहिने भागमा शिवको प्रतिनिधित्व भएको पाइन्छ, जुन "वामेऽर्धं पार्वतीरूपं दक्षिणेर्धं महेश्वरम्" अथवा "उमार्धं वामभागं तु हरार्धं दक्षिणं वपुः" वा "दक्षिणार्धे हरंचैव वामार्धे पार्वती" आदि शास्त्रको वचन अनुरूप छ (४)। चार बाहुली मध्ये देब्रे तर्फको (पार्वतीको) बाहुलीमा अक्षमाला र लामो डांठ भएको कमल तथा दाहिने तर्फ (शिवको बाहुलीमा त्रिशुल र कमण्डलु छ । दाहिने कानमा नाग तथा देब्रे तर्फ कुण्डल ('कर्णे तु दक्षिणे नागं वामे कर्णे तु कुण्डलम्') देखिन्छ । दुवै तर्फका बाहुलीहरू, परम्परागत आभूषणहरूले परिपूर्ण छन् । शरीरको पार्वती तर्फको भाग भरिभराउ र सुडौल छ तथा पारदर्शी-वस्त्रले सुशोभित छ । माथि टुप्पिएर गएको ज्वालावलीको पृष्ठभूमिमा, अर्धनारीश्वरको कान्तियुक्त, शान्त मुहारमा हामी सहजै अलौकिक आलोकको दर्शन पाउँछौं ।

प्रसंगवश, यहाँ अर्धनारीश्वरको नेपालमा उपलब्ध अन्य मूर्तिहरूका सम्बन्ध संक्षेपमा छलफल गर्नु मनासिब हुनेछ । साथसाथै नेपालमा अर्धनारीश्वरको अत्यन्त सीमित (नगण्य प्रायः) उदाहरण पाइन्छ भन्ने केही विदेशी लेखकहरूको असत्य धारणालाई शुरुमै दूर गर्न चाहन्छु (५)। वास्तवमा सत्य त यो हो कि नेपालमा (६) शिवको 'सकल' परम्पराको मूर्तिहरूमा उमामहेश्वर पछिको लोकप्रिय विषयवस्तु अर्धनारीश्वर देखिन्छ । अर्धनारीश्वर नर-नारीत्वको सम्मिश्रण (सृष्टि-तत्वहरूको मिलाप), प्रकृति-पुरूषको एकात्मकता अथवा अद्वैत(Non-duality)को प्रतीक हो। लिच्छवि-कालदेखि उठेर शाह-कालसम्म

---

३) अन्य प्रतिमाहरूलाई पनि यसै उत्थापन विधि अनुसार Gilt Copper repousse बनाइएको छ । केही स्वदेशी तथा विदेशी विद्वानहरूको, नेपालमा Repousse technique निर्विवाद रूपमा धेरै पछिल्लो कालको द्योतक हो भन्ने धारणालाई यसले पूर्णतया गलत प्रमाणित गरी दिएको छ । चांगुको कवच र जिमरमान संग्रह (Zimmerman Collection) को सुप्रसिद्ध गरूडासन विष्णुले, यस तथ्यको पुष्टयाईं यस अधिनै पनि गरी सकेको छ ।

४) अर्धनारीश्वरको ध्यान अंशुमभेद्दागम, सुप्रभेदतन्त्र, उत्तरकामिकागमतन्त्र, शिल्परत्न, कारणागम, विष्णु धर्मोत्तर आदिमा पाइन्छ । दाताले वा कलाकारले संधै शास्त्र सम्मत मूर्ति बनाउँछ नै भन्ने कुनै जरूरी छैन । खासगरी आयुध, आसन, बाहुलीको संख्या, आभूषण आदिमा समय विशेष, स्थान विशेष दाता वा कलाकार विशेषको अभिरूची तथा प्रेरणाले पनि ठूलो भूमिमा खेलेको हुन्छ ।

५) डा. पालले आफ्नो पुस्तक The Arts of Nepal, को पृष्ठ ९९ यस बारेमा यसरी राय व्यक्त गर्नु भएको छ -"Both Siva and Parvati are immensely popular in the country, but the conjoint form of the deities, known technically as Ardhanarisvara, does not seem to have been widely prevalent. Apart from the androgynous face on some of the mukhalingas, a solitary example in bronze is now in the Los Angeles County Museum of Art" स्पष्ट रूपमा, डा. पाल निर्क हतारमा, यस गम्भीर निष्कर्षमा पुगेको देखिन्छ ।

६) प्रस्तुत सन्दर्भमा नेपाल भन्नाले, मुख्यतः (सीमित दृष्टिबाट) काठमाडौं उपत्यकालाई ध्यानमा राखिएको छ ।



चित्र २

चित्र ३



एकनासले नेपाली भक्तगणलाई यस विषयवस्तुले आकर्षित गरेको छ । तसर्थ नेपाली इतिहासको लामो अवधिमा ढुंगा, धातु, माटो, कपडा, कागज आदि विभिन्न सामग्रीहरूमा, अर्धनारीश्वरको प्रतिनिधित्व भएको पाइन्छ । त्यति मात्र होइन, मुख-लिंगमा (उत्तर तर्फ) अर्धनारीश्वरको स्वरूपलाई प्रस्तुत गरेर नेपाली कलाकारहरूले आफ्नो नौलो प्रतिभाको प्रदर्शन गरेका छन्, जुन आज नेपालको अनौठो राष्ट्रिय वैशिष्ठ्य भएको छ । नेपालमा अर्धनारीश्वरको बसेको, उठेको वा नृत्य-मुद्रा आदि विभिन्न शैलीमा रचना गरिएको छ । पशुपतिको प्रांगणमा नवौं-दसौंदेखि एघारौं बाह्रौं शताब्दी ताकाको कमसेकम चार मूर्तिहरू देखिएको छ । यिनीहरू मध्ये एउटा पशुपति प्रांगणको पश्चिम-उत्तर कुनामा रहेको ढुंगाको मन्दिरमा छ । त्यसै मन्दिरको उत्तर तर्फको भागमा, समपाद मुद्रामा खडा अर्धनारीश्वरको एउटा भव्य मूर्ति छ । नेपालमा पाइने अन्य मूर्तिहरू भन्दा यो भिन्न किसिमको छ । दाहिने तर्फको शिव-भागमा वाहनको रूपमा बसेको नन्दी र देब्रे तर्फको पार्वती भागमा सिंह छ । यी दुवै वाहनको पृष्ठभागबाट लामो कमलको डाँठमा फक्रिएको कमलको आसन माथि, एकातिर कुमार र अर्कातिर पार्वतीलाई देखाइएको छ । पार्वतीलाई पूजाको मुद्रामा (घुँडा बाँधेर बसेको) देखाइएको छ । दुई वाहु भएको कुमारको एउटा वाहुलीले शक्ति लिएको देखिन्छ । आकाशबाट पुष्प वृष्टि भइरहेको दृश्य छ (७)। यस प्रस्तुती करणले स्वतः भारतको एलिफान्टाको अर्धनारीश्वरको विशाल मूर्तिको सम्झना गराउँछ । अर्का दुई उभिएका (ढुंगाको) अर्धनारीश्वर-मूर्तिहरू पशुपतिको प्राँगणको पूर्वोत्तर दिशामा छन् । तर कदाचित सबैभन्दा सुन्दर र लालित्यपूर्ण मूर्ति, वासुकी मन्दिर तर्फ जान उक्लिनु पर्ने सिढीकै छेउमा रहेको, सानो प्रस्तरको देवलमा भेटिन्छ (चित्र ४) । यसले अनायास दर्शकलाई आकर्षित गर्छ र आफूतिर अग्रसर गराउँछ । अर्धनारीश्वरको मूर्ति, मन्दिरको उत्तरी भागमा छ । यसमा अन्य मूर्ति भन्दा अलग देखिने नौलो कुरा, पार्वतीको वाहुलीमा पाइने विशेष प्रकारको दर्पण हो । 'त्रिशुलं दक्षिणे हस्ते वाम हस्ते च दर्पणम्' भन्ने शिल्परत्नको वचन अनुरूप, यहाँ (फाखेलको अर्धनारीश्वरको अक्षमालाको ठाउँमा) पार्वतीलाई दर्पण ग्रहण गरेको देखाइएको छ । शैली, लक्षण र प्रस्तुतीकरण तथा आभुषण र पहिरनको आधारमा यो मूर्ति ईशाको एघारौं वाह्रौं शताब्दी ताकाको बुझिन्छ । यसको शिरोभाग (केश-विन्यास) विशेष किसिमको छ । केश-विन्यासको केही भाग डोरीस वाइनर ग्यालेरीको देवी अथवा नेवार्क म्यूजियमको देवी (दुवै पालद्वारा प्रकाशित) संग मिल्न खोज्दछ । पालले यी दुई मूर्तिको समय, क्रमशः दसौं र एघारौं शताब्दी दिएको छ । माथि वर्णित पशुपतिको अर्धनारीश्वरको वस्त्रको पनि यी दुवै मूर्तिसंग ठूलो समानता पाईन्छ । अर्धनारीश्वरको नेत्र, एघारौं, वाह्रौं वा तेह्रौं शताब्दीको, मिति-युक्त हस्तलिखित ग्रन्थहरूको चित्र वा अन्य चित्रसंग मिल्छ । तेश्रो नेत्रलाई, ललाटमा टीकाको रुपमा सुशोभित गरिएको छ । माथि उल्लिखित (एउटा वाहुलीको दर्पण)का अलावा अन्य तीन वाहुलीहरूमा त्रिशुल, अक्षमाला र कमण्डलु ग्रहण गरेको देखिन्छ । ज्वालावली सहितको, करीव अर्धगोलाकार प्रभामण्डलले अर्धनारीश्वरको मूर्तिलाई सौन्दर्यका साथै राम्रो सन्तुलन प्रदान गरेको छ । मूर्तिको तल्लो भागमा दुई भग्न-मूर्तिहरू, अर्चनाको मुद्रामा देखिन्छन् ।

नेपाल भित्रको अन्य मूर्तिहरू माथि विचार गर्नु अघि, एक पटक नेपाल वाहिरको प्रख्यात ढलौटको अर्धनारीश्वरको मूर्तिको चर्चा पहिले नै गरी हालौं (८) । यस मूर्तिको काल-निर्धारणको सम्बन्धमा मतभेद देखिन्छ । एउटा ठाउँमा यसलाई वाह्रौं-तेह्रौं शताब्दी तिरको समय दिइएको छ भने अर्कोमा दसौं शताब्दी । डा. पालले आफ्नो प्रकाशनहरूमा यसलाई निश्चित ढंगले दसौं शताब्दी

---

७) श्री पशुपतिनाथको गिर्दा भित्र (प्राँगण) फोटो खिच्न नपाइने नियम भएकोले, त्यहांका महत्वपूर्ण मूर्तिहरूलाई पाठक समु प्रस्तुत गर्न सम्भव हुन सकेन । पहिले रेखाचित्र लिन बाधा नहुने वखतको एउटासम्म चित्र यहाँ सम्मिलित गर्न सकिएको छ ।

८) यस मूर्तिको चित्र र अन्य विवरणका लागि निम्न लिखित प्रकाशनहरू पनि हेर्नोस्:-

(क) The Arts of India and Nepal: The Nasli and Heeramaneck collection.

(ख) P. Pal : Nepal Where The Gods Are Young.

(ग) P. Pal: The Art of Nepal: vol I, Sculpture

को भन्ने उल्लेख गरेको छ, जुन सत्यको निकै नजीक पुग्छ । नसनी एण्ड हीरामानेक संग्रहको, अर्धनारीश्वर वारेको उनीहरूको आफ्नै प्रकाशनमा, त्यसको नेपाली हुने कुरामा पनि शंका प्रकट गरिएको छ । त्यसको कारणमा यसको भव्यतालाई अगाडि सारिएको छ । तर फाखेल चौरमा फेला परेको अर्धनारीश्वरको अद्भूत महत्वको धातुको प्रतिमा, पशुपति प्राँगणका मूर्तिहरू र नेपालमा अन्यत्र समेत ठूलो संख्यामा पाइने अर्धनारीश्वरका कैयन उदाहरणहरूले नेपालमा यस विषयवस्तुको लोकप्रियतालाई बुझाउँछ जसले गर्दा त्यस शंकाको वैधतालाई सहजै अस्वीकार गर्न सकिन्छ । डा. पालले भने आफ्नो प्रकाशनमा दृढताका साथ सो अर्धनारीश्वरलाई नेपाली मूर्तिको रूपमा प्रस्तुत गरेको छ । अहिल आएर फाखेल अर्धनारीश्वरको (निश्चित समय र अभिलेख अंकित) सुन मोलम्वा भएको धातु प्रतिमाले उपरोक्त प्रख्यात ढलौट मूर्तिको असामान्य (र सर्वोच्च) विशिष्टतालाई समाप्त गरी दिए तापनि उसको आफ्नै किसिमको गरिमा र लोकप्रियता कायम नै रहेको कुरामा दुई मत हुन सक्तैन । हिरामानेक संग्रहको सूचि पत्रमा (चौधौं-पन्ध्रौं शताब्दीको मानिएको) चांदीको (ठाउँ ठाउँमा रत्नजडित) एउटा अझै अर्को अर्धनारीश्वरको मूर्ति पनि प्रकाशमा आएको छ ।

अब फेरि नेपालका अर्धनारीश्वर मूर्तिहरू तर्फ फर्कौं । माथि एउटा ठाउँमा मैले मुखलिंगमा अर्धनारीश्वरको प्रतिनिधित्व वारे चर्चा गरी सकेको छु । अब यस वारेमा हामी अलि गहिरीएर हेर्दौं । यस लेखमा अर्धनारीश्वरको वांकी चर्चा अन्य प्रकार र शैलीमा बनेका उदाहरणहरू माथि केन्द्रित हुने हुनाले मुख-लिंग सम्वन्धी छलफललाई पहिले नै उठाउन खोजेको हुँ । नेपाल (काठमाडौं उपत्यका) को व्यापक क्षेत्रमा, हामी यस्तो चतुर्मुखलिंगहरू देख्न पाउँछौं जसको उत्तर तर्फको भागमा आधा शिव र आधा पार्वतीलाई एउटा अभेद्य तथा अभिन्न, अविच्छिन्न रूपमा प्रस्तुत गरिएको हुन्छ । शिव-पार्वतीलाई यसरी मुखलिंगमा देखाउनु त्यति आश्चर्यको कुरा हैन जति कि यस विषय-वस्तुले नेपालमा कलाको रूपमा अभिव्यक्ति पाउनु । वास्तवमा 'वामन पुराण'मा उमाको सदासर्वदा शिव-लिंगमा उपस्थितिको स्पष्ट उल्लेख पाइन्छ । यसै गरी नेपालमा निकै लोकप्रिय रहेको विष्णु धर्मोत्तरमा पनि यसको उल्लेख भएको छ । डा. प्रतापादित्य पालले नेपालका मुखलिंगहरूको यस विशेषताका वारेमा आफ्नो पुस्तकमा संक्षेपमा उल्लेख गर्नु भएको छ । वहाँले उदाहरणको रूपमा केवल तीन वटा त्यस्तो मुखलिंगहरूलाई देखाउनु भएको छ (९) । ती मध्ये दुई वटाको चित्र वहाँले प्रकाशित गर्नु भएको छ । डा. पालले उल्लेख गर्नु भएको तीन मुखलिंग मध्ये एक आर्यघाट पुल पारीको, दोश्रो पन्चदेवल (देवपाटन) को चोकको र तेश्रो देवपाटन क्षेत्र कै ताम्रेश्वर मन्दिरको शिवलिंग हो (१०) । डा. पालले उमा सहितको चतुर्मुखलिंग मध्येको आर्यघाट लिंगलाई ईशाको नवौं शताब्दीको र पन्च देवलको नमूनालाई एघारौं शताब्दीको मान्नु भएको छ । ताम्रेश्वरको मुखलिंगलाई यिनीहरू मध्ये सबै भन्दा राम्रो मान्दै उहांले आर्यघाटको चतुर्मुख लिंगलाई कतिपय कारणबाट ज्यादै महत्वको संझिनु भएको छ । धेरै जसो, वहाँको विचारमा सहमती जनाउँदै, केही कुरामा यहाँ बेग्लै मन्तव्य प्रकट गर्न चाहन्छु ।

आफ्नो पुस्तकमा डा. पालले आर्यघाट चतुर्मुख लिंगको विशेष प्रयत्नका साथ, बिभिन्न पक्षवाट व्याख्या गर्ने प्रयास गर्नु भएका छ । वहाँले यसलाई असामान्य प्रकारको मुखलिंग (unusual variety of mukhalinga) भन्ने संज्ञा पनि दिनु भएको छ । अझै एउटा ठाउँमा यसको लागि अपूर्व ['unique'] भन्ने उद्गार पनि व्यक्त गर्नु भएको छ । यसको कारणमा यस चतुर्मुख लिंग विशेषमा 'अघोर'को डरलाग्दो मुखको सट्टा छोटो केश भएका दुई बेग्लै भावका मुखाकृतिहरूलाई प्रस्तुत गर्नु भएको छ ।

9] P. Pal: The Arts of Neapl: vol I. Sculpture

१०) वहाँको पुस्तकमा ताम्रेश्वर बाहेक, पहिला र दोश्रा मुखलिंगहरूको चित्र प्रकाशित गरिएको छ । यस सदर्भमा, यस विषयवस्तुको काठमाडौं उपत्यकामा पाइने अहिलेसम्म अप्रकाशित अन्य महत्वपूर्ण मुख-लिंगहरूको यहां विवरण र चित्र प्रकाशित गरेको छु । यस किसिमको (उमा सहितको अर्धनारीश्वरको) भावमा धेरै मुखलिंगहरू, अनुसन्धानको सिलासिलामा मैले देखेको छु । तर यहाँ ती सबैको विवरण दिन संभव नभएकोले पछि अर्को प्रसंगमा पुनः यस वारेको वांकी उदाहरणको चर्चा गरिने छ । मुखलिंग बाहेक अर्धनारीश्वरको अन्य प्रकारको उदाहरणलाई पनि छनौट गरेर यस लेखमा प्रस्तुत गरेको छु । तसर्थ स्थानाभावले, अन्य केहीलाई छाडी दिन वाध्य भएको छु ।

चित्र ६



चित्र ५



চিত্র ৩

चित्र ८





चित्र ९

(ताम्रेश्वर) उत्तर तर्फको शिव-पार्वती भाग



चित्र १०

ताम्रेश्वर

एउटालाई लकुलिश र अर्कोलाई बुद्ध हुन सक्ने विचार राख्दै यो नेपालको धार्मिक समन्वयको परिपाटीसंग मेल-खाने किसिम कै कुरा छ भन्ने वहांको जोड छ ।

जहाँ सम्म 'असामान्य' वा 'अप्राप्यता' को प्रश्न छ, आर्यघाटको (डा. पालद्वारा उल्लिखित) मुखलिंग जस्तै उदाहरणहरू हामी कहाँ अन्यत्र पनि देखिएकोले यसलाई 'असामान्य' (तसर्थ अप्राप्य) भन्नु अलि अतिशयोक्ति हुन जानेछ । मैले आफ्नो अनुसन्धानको क्रममा, यस्तै किसिमको एउटा अत्यन्त सुन्दर चतुर्मुखलिंग आर्यघाटबाट बनकाली तर्फ जाने बाटाको छेउमा (धारासगै) फेला पारेको छु (चित्र.५.) । डा. पालद्वारा उल्लिखित नवौं शताब्दीको आर्यघाट चतुर्मुखलिंग भन्दा यो केही पुरानो छ । यसमा लिच्छवि—कालको मूर्तिहरूमा भेटिने विशेष किसिमको 'पालीस' को प्रयोग भएको छ जसको आफ्नै किसिमको सुमधुर रंग छ । सामान्य बनौट, मुखाकृति (मोटो ओठ समेत), सादगी, आभूषणको न्यूनता आदिको परिप्रेक्षमा र लिच्छविकालको अन्य कलाकृतिहरूको तुलनात्मक अध्ययनबाट, यसलाई मैले आठौं शताब्दीको अन्तिम दशकहरूतिर बनेको अनुमान गरेको छु । हामीलाई यस चतुर्मुखलिंगको अनुहार, विशेष गरी दक्षिण तर्फको अनुहारले, देवपाटनको ब्रह्मा, चावहिलको बुद्ध अथवा ढोका बहालको बुद्धको र त्यस्तै लिच्छविकालीन अन्य मूर्तिहरूको अनुहारको तुरुन्त संझना गराउँछ । ८८ सेन्टीमिटर अग्लो यो मूर्ति निकै ठाउँमा फुटेको छ । विशेष गरी चारै मुहारको नाकलाई निर्ममतापूर्वक (विशेष उद्देश्यका साथ) कोडिएको बुझिन्छ । साथै बाहुली, निधार तथा अन्य भाग माथिको प्रहारबाट यसको विनाश शमसुद्दिनको विनाशकारी आक्रमणमा भएको हुनु पर्छ भन्ने कुरामा कसैलाई पनि सहजै चित्त बुझ्न सक्तछ । शायद पछि (पूजा नचलेर उपेक्षित भए पछि), यसलाई अहिलेको ठाउँमा एउटा नयां स्थान प्राप्त भएको होला । मैले उल्लेख गरेको (बनकाली-जाने बाटोको छेउको) मुखलिंग (चित्र६,७)मा चारै तर्फको मुहारमा अपूर्व शान्ति भेटिन्छ, आंखा वा आँखी भौमा कुनै वक्र—भाव छैन, केश बिन्यास विशेष किसिमको छ । यसको दक्षिण तर्फ (चित्र७) को केश छोटो र घुमरिएको देखिन्छ । उत्तर तर्फको भागमा शिव र उमालाई अर्धनारीश्वरको रूपमा देखाइएकोछ(चित्र ८) । यसमा दाहिने तर्फको भाग उमा (पार्वती) र देब्रे तर्फको भागलाई शिवको रूपमा प्रस्तुत गरिएको छ (११) ।

माथिको सन्दर्भमा, मुखलिंगको यस किसिमको प्रस्तुतिकरण केवल एउटा अद्वितीय स्थानीय विशेषता (विविधता) मात्र हो अथवा यसको धार्मिक समन्वयको हाम्रो परंपरासंग पनि केही सम्बन्ध छ ? अहिलेको लागि, शायद सबैभन्दा उपयुक्त यही हुनेछ कि यस बारेमा अझै गहिरिएर विचार गरियोस् र गंभीर अनुसन्धानको क्रम जारी राखियोस् । पशुपतिलाई बुद्धको रूपमा पनि हेर्ने र अन्य कतिपय समन्वयात्मक मूर्तिकलाको विकास गर्ने नेपालमा, समन्वयको यस्तो भावलाई कोरा परिकल्पनाको रूपमा तिरस्कार गरी हाल्न सकिन्न । यहां निर आएर हामी संवत् ४८७ को (पशुपति देउपाटन स्थित) स्वामी वार्त्तको त्यो अभिलेखको संझना गरौं जसमा उनले शंकर नारायण ("अर्धशौरीश्वर") को मूर्ति बनाउनु पर्ने उद्देश्य बताएका छन् (१२) । त्यस अभिलेखमा मानिसहरूको मनबाट धार्मिक पक्षपात हटाउनको लागि शंकर र नारायणले आधा आधा भई एक रूप लिएको मूर्ति बनाएको भाव व्यक्त गरिएको छ । यत्तिनै खेर राष्ट्रिय नाचघरमा रहेको एउटा छैठौं सातौं शताब्दीको पुरानो मूर्तिको पनि स्मरण हुन्छ जसले

११) नेपालको अन्य कैयन मुखलिंगहरुमा उमालाई देब्रे तर्फ राखेको पाइन्छ साथै ह्रायक वहालमा बुद्ध र शिव दुवै भएको एउटा अप्राप्य चैत्य देखिन्छ । दुवैको महत्व स्पष्ट छ ।

१२) श्री धनबज्र बज्राचार्यको लिच्छविकालका अभिलेख, संख्या ५०, पृष्ठ १९८–१९९ मा यस अभिलेखको मूल पाठ दिइएको छ ।

समन्वयको अर्को उदाहरण प्रस्तुत गर्छ (१३)। यताबाट नेपालमा धेरै प्राचीन कालदेखि नै धार्मिक समन्वयका लागि चेतनशील, सजग र सचेत जनमत देखा पर्दछ। तसर्थ मुखलिंग लगायत अन्य मूर्तिहरूमा पनि यही समन्वयको भावलाई भिन्ना भिन्नै किसिमसंग प्रस्तुत गरिएको हुन सक्नु कुनै असंभव कुरा होईन।

ताम्रेश्वर महादेवको मुखलिंग (चित्र९,१०)को उत्तर तर्फको मुखमा शिव र पार्वतीलाई अर्धनारीश्वरको रूपमा देखाएको छ। यसको मुख भागमा तामाको प्रयोग भएकोले यसलाई ताम्रेश्वर भनिन्छ। यहाँ पनि शिव भाग देब्रे र उमा (पार्वती) भाग दाहिने तर्फ देखाइएको छ। निधारमा ठाडो टीकाको रूपमा अर्ध-नेत्र देखिन्छ। कतिपय अन्य ठाउँमा नेत्रलाई ठाडो नभई लाम्चो रूपमा देखाइएको छ। त्यस्तै, आर्यघाट पारीको एउटा देवलमा रहेको करीब बाह्रौं शताब्दीको चतुर्मुखलिंग(चित्र११,१२)यसै किसिमको छ (१४)। यसको केही शताब्दीहरू पछिको नमूना हेर्ने, यहां मैले भक्तपुर स्थित राष्ट्रिय चित्र संग्रहालयको मुखलिंग लाई लिएको छु(चित्र१३,१४)।आठौं नवौंदेखि एघारौं-बाह्रौं शताब्दीसम्मका मुखलिंगहरूको तुलनामा यो निकै जटील र यसको प्रस्तुतिकरण उतिकै भारी भइसकेको छ। आभुषण र बुट्टाहरूको आकारमा स्वाभाविकता र सन्तुलनको ह्रास भएको पाइन्छ। राष्ट्रिय चित्र संग्रहालयको यो मुखलिंगको उत्तर तर्फको मुहार अर्धनारीश्वरको रूपमा प्रस्तुत गरिएको छ। बनौट, शैली र कलाको आधारमा यसलाई मैले पन्ध्रौं-सोह्रौं शताब्दीको अनुमान गरेको छु। मल्लकालको मुखलिंगको यो राम्रो उदाहरण हो भन्ने कुरामा चाहीं कुनै शंका छैन।

अब हामी मुखलिंगको चर्चालाई यहीं समाप्त गरेर केही अन्य प्रकारका अर्धनारीश्वरको मूर्तिहरूलाई पनि हेरौं। अहिलेलाई यसका लागि मैले, सत्रौं शताब्दीका तीन, अठारौं शताब्दीको एक र उन्नाइसौं शताब्दीको एक उदाहरणलाई छलफलको विषय बनाएको छु। श्री बालकृष्ण समज्यूको संग्रहमा, सत्रौं शताब्दीका दुई अर्धनारीश्वरका मूर्तिहरू छन्(चित्र१५,१६) पछिल्लो कालको भए तापनि एक अर्को कारणबाट यी दुवै मूर्तिहरूको महत्व कम छैन (१५)। दुई मध्ये एउटामा शिवलाई एकपाद र अर्धनारीश्वरको संयुक्त रूपमा प्रस्तुत गरिएको छ। यताबाट

१३) छैठौं-सातौं शताब्दी तिरको यो मूर्ति विविध कारणले निकै महत्वको छ(चित्र३०-३३)। चारै पाटोमा समपाद मुद्रामा उभिएको यस मूर्तिमा ब्रह्मा, विष्णु महेश्वर र गौरीको प्रतिनिधित्व भएको देखिन्छ। एकातिर यसले वैष्णव, शैव र शाक्त मतावलम्बीहरूको भावनालाई आत्मसात गरेर सहिष्णुता र समन्वयलाई विकसित गर्ने प्रयास गरेको छ भने अर्को तिर प्रकृति र पुरूष वा अद्वैत (अर्धनारीश्वर) सम्बन्धी विषय वस्तुलाई पनि संकेत गरेको पाइन्छ। यो मूर्ति धेरै ठाउँमा खण्डित भइ निकै खराब अवस्थामा पुगिसकेको छ। यसलाई तीनधारा पाठशालाबाट २०१९ साल तिर पुरातत्व विभागले उठाएर (पुरातत्व बगैंचा लाने उद्देश्यले) राष्ट्रिय नाचघरमा ल्याएको हो। निकै भारी र ठूलो भएकोले त्यहीं रहेको छ। प्रस्तुत मूर्तिको अन्य भाग भन्दा ब्रह्मा र गौरी तर्फको भाग अपेक्षाकृत बढी बुझ्न सकिने अवस्थामा छ। महेश र विष्णु पनि एक वा अर्को संकेतबाट स्पष्ट रूपमा पहिचान गर्न सकिन्छ। प्रत्येक भागको मूर्तिमा पाइने आभुषण, सरल र सीमित छ। ब्रह्मालाई देखेबाहेक चापागाउँको ब्रह्माको संज्ञा हुन्छ। नाचघरको ब्रह्मा पूर्ण विकसित कमल माथि उभिएको छ। कमलको पात (कमलपत्र) चापागाउँसंग मिल्दो जुल्दो छ। विचार गरेर हेर्दा महेशको जटामुकुट र सर्प-कुण्डल पनि बुझ्न गाह्रो पर्दैन। त्यसै गरी विष्णुको मुकुटलाई गहिरिएर हेर्दा, यसको प्राचीन शैलीको स्पष्ट बोध हुन्छ। यो मुकुट राज पुरूष (मृगस्थली; हाल राष्ट्रिय संग्रहालय) संग अथवा चापागाउँ ब्रह्माको मध्य भागको सिर माथि देखिने मुकुटसंग मिल्न खोज्छ। सबै भागको मूर्तिहरूको शरीर सुडौल र भरि भराउ तथा भुजाहरू बलिष्ठ देखिन्छ।

१४) धेरै पछिल्लो कालको मन्दिरमा यो मुख लिंग अन्तबाट ल्याइएकोले त्यो स्थानमा रहेको छ जहाँबाट राम्रो फोटोग्राफी संभव छैन।

१५) केही लेखकहरूले, श्री समज्यूको संग्रहको अर्धनारीश्वरलाई, सातौं-आठौं शताब्दी भनी लेखेको पाइन्छ। तो सत्य होइन। दुई मध्ये एक अर्थात एकपाद अर्धनारीश्वरको सही पहिचान पनि गरेको पाइदैन।

चित्र १२



चित्र ११

चित्र १४



चित्र १३, उत्तर तफको शिव-पार्वती भाग

चित्र १५ एकपाद अर्धनारीश्वर

चित्र १६ अर्धनारीश्वर

यो एकपाद–अर्धनारीश्वरको अद्वितीय महत्व र अप्राप्यताको सहजै अनुमान गर्न सकिन्छ । एकपाद– अर्धनारीश्वर (चित्र१५) को देब्रे भाग पार्वतीको र दाहिने भाग शिवको छ । शिव तर्फको भागमा ब्रह्मालाई र पार्वती तर्फको भागमा विष्णुलाई, शिवको प्रस्तुत रूपको अर्चना गर्न लागेको मुद्रामा देखाइएको छ (१६) । यस मूर्तिमा एउटा थप अनौठो तत्वको रूपमा मृगलाई देखाइएको छ । शिवले एक पटक मृगको रूपमा वनमा विचरण गरी हिंडेको वर्णन हामी पाउँछौ । नेपालमा यस कथाको विशेष श्रद्धाका साथ श्रवण गरिन्छ । कदाचित् शिवको त्यसै रूपको साँकेतिक अभिव्यक्ति यहाँ गर्न खोजिएको छ । अर्को अर्धनारीश्वको मूर्ति (चित्र१६) नृत्य मुद्राको छ । यसको उल्लेखनीय विशेषता, वढी संख्यामा देखिने सिर र वाहुलीहरू हुन् । यहाँ शिव–शक्तिको वाहुलीहरू भग्न अवस्थामा रहेकोले यसको आयुधहरू अज्ञात छ । देब्रे तर्फ पार्वतीको भाग आफ्नो वाहन सिंह माथि र दाहिने तर्फको शिव भाग उनको वाहन नन्दी माथि अडेको छ । मूर्तिको पछाडि विशाल प्रभा–मण्डल देखिन्छ । सन्तुलनको दृष्टिले यो नमिल्नुका साथै, अर्धनारीश्वर भन्दा वढी, प्रभामण्डल माथि कलाकारको जोड रहेको तथ्य स्पष्ट हुन्छ । यो पछिल्ला काल मा वहुधा पाइने लक्षणहरू हुन् । सत्रौं शताब्दीको तेश्रो अर्धनारीश्वर माटाको हो र यो रानी पोखरी भित्रको मन्दिर वाहिर छ (१७) । अठारौं शताब्दीको, अर्धनारीश्वरको प्रस्तर मूर्ति गोकर्णेश्वर महादेव (गोकर्ण) को प्रांगणमा भेटिएको छ (चित्र१७) समपाद मुद्रामा उभिएको यस अर्धनारीश्वरमा र उन्नाइसौं शताब्दीको (राष्ट्रिय संग्रहालयको) एउटा वसेको र अर्को उठेको अर्धनारीश्वरको चित्रहरूमा (चित्र१८,१९) हामी पछिल्लो कालका कतिपय चिन्हहरू भेट्टाउँछौं ।

यसरी हामीले माथि, छैठौं सातौं शताब्दीदेखि उन्नाइसौं शताब्दीसम्म नेपालमा एकनासले लोकप्रिय रहेको अर्धनारीश्वर परम्पराको सिंहावलोकन गरेउँ । तर यत्रो व्यापक सर्वेक्षणमा, फाखेल चौरको सून मोलम्बा गरिएको अर्धनारीश्वर प्रतिमा वाहेक, अर्को कुनै पनि मिति वा अभिलेख भएको अर्धनारीश्वर हामीले पाउन सकेनौं ।

फाखेलमा पाइएको अर्को उल्लेखनीय प्रतिमा हरिशंकर (शंकर–नारायण) को हो (चित्र२०,२१) । देब्रे भागमा नारायणको प्रतिनिधित्व भएको छ । दाहिने भागमा अहिले वाहुली नरहे तापनि त्यो भाग शिवको हो भन्ने कुरामा कुनै शंका छैन । दाहिने कानमा शिवको सर्प–कुण्डल र देब्रे कानमा नारायणको रत्न–कुण्डल स्पष्ट रूपमा देख्न सकिन्छ । नेपालमा हरिशंकरको लामो परम्परा रहेको कुरा हाम्रो प्राचीन अभिलेखहरूबाट स्पष्ट हुन्छ । अंशुवर्माले "मीमेंलीती" नामक स्थानमा रहेको शंकर–नारायणको मन्दिरको जीर्णोद्धार गराएको उद्धरण पाइन्छ (१८) । त्यस्तै शंकर–नारायणको उल्लेख भएको संवत् ४८७ को देवपाटनको स्वामी वार्त्तको अभिलेखमा पनि यस विषयको रोचक वर्णन पाइन्छ (१९)। फाखेलको शंकर-नारायण पनि, त्यहां पाइएका अन्य प्रतिमाहरू सरह तामामा सून मोलम्वा गरिएको र Repousse' technique मा वनेको छ ।

यस पछि फाखेलको प्राप्ति मध्ये, विशेष रूपमा आकर्षक कुमार (चित्र२२) र चन्द्रमा (चित्र२३) को प्रतिमाहरू देखिन्छ । कुमारले आफ्नो वाहुलीमा आफ्नो सर्वाधिक लोकप्रिय आयुध, शक्ति ग्रहण गरेको छ । चन्द्रमाले सप्त–

१६) एलिफान्टा [भारत] को अर्धनारीश्वरको मूर्तिको दाहिने तर्फ ब्रह्मा र देब्रे तर्फ विष्णुलाई देखाइएको छ । तर त्यहाँ उनीहरू अलग्गै, आफ्नो वाहन हंस र गरूड माथि बसेका छन् ।

१७) भारतका सुप्रसिद्ध विद्वान श्री सी. शिवराममूर्तिले आफ्नो पुस्तकमा यस अर्धनारीश्वरको चित्र प्रकाशित गर्नु भएको छ । त्यस पुस्तकमा यसलाई वहांले तेह्रौं शताब्दीको भन्नु भएको छ । त्यो सत्य होइन । यहाँका [रानी पोखरी मन्दिर] अन्य माटाका मूर्तिहरू सरह यो अर्धनारीश्वरको माटोको मूर्ति पनि मात्र सत्रौं शताब्दीको हो भन्ने कुरामा कुनै शंका छैन हेर्नोस्, श्री शिवराममूर्तिको पुस्तक: Nataraj in Art Thought And Literature को पृठ ९१

१८) यो शिलालेख पुरातत्व विभाग अन्तर्गत राष्ट्रिय संग्रहालय [छाउनी] मा छ । यसको प्रतिलिपि, पुरातत्व विभाग अन्तर्गत राष्ट्रिय अभिलेखालय [रामशाह पथ] मा पनि राखिएको छ ।

१९) श्री धनवज्रको लिच्छविकालका अभिलेखको पृष्ठ १९८

हंस माथि दुई फक्रिएको कमलको फूल ग्रहण गरेको देखिन्छ । फाखेलमा अग्नि, यम, वायु, कुवेर र वरूणको मूर्ति थनि फेला परेका छन् । वरूण वाहेक अन्य चारको चित्र यहाँ प्रस्तुत गरिएको छ (चित्र२४,२७)। अग्निको वाहुलीमा ज्वाला, यमको वाहुलीमा मुण्ड सहितको दण्ड (वा गदा.) कुवेरको वाहुलीमा कमल र रत्न तथा वायुको वाहुलीमा वायुमा फरफराई रहेको ध्वजा देखाइएको छ । सम्वन्धित मन्दिरमा, यी सवैलाई दिग्पाल (वा लोकपाल) को रूपमा राखिएको हुनु पर्छ (२०) । फाखेलमा पाइएका दिग्पाल समेत अन्य सवै देवी देवताका धातु प्रतिमाहरूमा, हामी योजनावद्ध तरीकाले प्वाल पारेको देख्छौ अघि दाताले, यिनीहरूलाई मन्दिरको काठको थाममा यथास्थान (किलाको मदतले) राख्न लगाएको हुनु पर्छ । यसले मन्दिरलाई उतिवेला अलौकिक सौन्दर्य प्रदान गरेको हुनुपर्छ (२१) । फाखेलमा एउटा वसुधा र एउटा गौरीको प्रतिमा पनि पाइएको छ (चित्र२८,२९) ।

सौभाग्यवश, फाखेल अर्धनारीश्वर (चित्र) मा अंकित अभिलेखमा, हामी अन्य कुराहरूका अतिरिक्त, दाताद्वारा प्रतिष्ठित मुख्य मुख्य देवी-देवताहरूको नाम पनि पाउँछौ । त्यस्मा आदित्य, विधाता (ब्रह्मा), गणपति आदिको पनि उल्लेख भएको छ । तर अहिले फेला परेको समूहमा अभिलेखमा वर्णित यी देवताहरू पाउन सकिएको छैन । ती पहिले नै मासिए वा अहिले कसैले तिनीहरूलाई दवाइ राखेको छ, बुझ्न सकिएको छैन । अभिलेखको अन्त्यमा "अष्मैदेवमूर्ति प्रधानतः प्रस्थापतुमिति" उत्कीर्ण छ । अभिलेखमा माथि उल्लिखित दिग्पालहरूको उल्लेख छैन । सवैको नाम कुदाउनु (सानो स्थानमा) व्यवहारिक दृष्टिबाट संभव नभएकोले नै दाताले मुख्य (प्रधान) देवी देवताको प्रतिमाहरूको नाम मात्र फाखेल अर्धनारीश्वर अभिलेखमा दिएको हुनु पर्छ ।

उपरोक्त सम्पूर्ण तथ्यहरूको परिप्रेक्षमा, फाखेल चौरको उपलब्धिलाई कला– इतिहासको दृष्टिवाट पनि विश्लेषण गर्नु सामयिक हुनेछ । केही वर्ष अघिसम्म पनि नेपाली धातुकलालाई वढी मुश्किलले वान्हौं–तेन्हौं शताव्दीसम्मको विश्वास गर्नेहरूको कमी थिएन । यसको पछाडि केही विचारणीय तर्क पनि नभएको होइन । यस मत अनुसार निश्चित मिति र प्रामाणिक अभिलेख सहितको कलाकृतिको अभावमा, केवल बनौट र शैलीको आधारमा मात्र धातु-मूर्तिहरूलाई पुरानो प्रमाणित गर्नु उपयुक्त होइन । हुन पनि नेपाली धातुकलाले शताव्दीयौंको मध्यान्तरमा पनि आफ्नो लालित्य र उच्च गुणहरूलाई गुमाइ सकेको छैन । त्यसकारण हाम्रो निष्कर्ष, कहिले काहि अतिशयोक्तिले पीडित नहोला भन्न सकिन्न । यसले सवथोकलाई भ्रमपूर्ण गरी मिसाइ दिन्छ र हाम्रो समस्यालाई झन जटील तुल्याइ दिन्छ । यस्तो परिस्थितिले गर्दा धेरै मूर्तिहरूको सम्वन्धमा नेपाली धातुकला माथि लेख्ने विद्वानहरूमा मतभेद पाइन्छ । उदाहरणका लागि हीरामानेक संग्रहको धातुको गरूड (४½" इन्च) को समय डा. स्टेला क्रामरीश्कले सातौं-नवौं शताव्दीको भनी छपाउनु भएको छ भने डा. पालले यसै लाई मात्र सोन्हौं शताव्दीको मान्नु भएको छ । तर यसै गरूडलाई हीरामानेक संग्रहको

---

२०) श्री पशुपति नाथको प्रांगणको उत्तर पूर्वको मन्दिर [अर्धनारीश्वर भएको] मा पनि दिग्पालहरूलाई यथास्थान र दिशामा राखेको पाउँछौ । दक्षिण तर्फको कुनामा रहेको त्यहाँको यमले, ठीक फाखेल चौरको उपरोक्त यमको समान मुण्ड गुँथिएको डण्ड ग्रहण गरेको देखिन्छ । यहाँ यो पनि उल्लेख गरी हालुं कि, मैले यस लेखको अनुसन्धानको सिलसिला भ्रमण र खोजी गर्दा, पशुपतिको गिर्दा भित्र [उत्तर तथा उत्तर पूर्व दिशामा] यमको लिच्छवि-कालीन, कमसेकम तीन अत्यन्त पुराना मूर्ति-हरू देखें । यो शायद अहिलेसम्म अप्रकाशित र सम्भवतः अज्ञात यम मूर्ति-हरू [यमको सीमित मूर्तिहरूको सदर्भमा] ज्यादै महत्वको छ ।

२१) वास्तवमा, काठमाडौं उपत्यकामा यस्तो प्रचलन लोकप्रिय थियो भन्ने कुराको उदाहरण अन्य ठाउँमा पनि पाइन्छ । अझै, पुरातत्व विभागले गरेको हांडीगाउँको उत्खननमा अर्को एउटा रमाइलो तथ्य पनि अवगत भएको छ । त्यहाँ फेला परेको झिगटीमा त्यस्तै प्वाल पारिएको निकै उदाहरणहरू भेटिएका छन् । प्वाल पारेको झिगटीको साथै ठूलो संख्यामा फलामका किलाहरू पनि निस्किए । यताबाट लिच्छविकालमा झिगटीको छनालाई मजबुतसंग अडाउन, अन्तिम लहरको झिगटीलाई [किलो गाडी] अडाउँदा रहेछन् भन्ने बुझिन्छ ।

चित्र...१७

चित्र ..१९



चित्र ... १८

शंकर नारायण (अग्र भाग)

चित्र...२०

चित्र २१

(पृष्ठ भाग)

चित्र २३

चन्द्रमा

कुमार

चित्र ..२२

बयाट्लगंमा आठौं शताब्दीको भनिएको छ । यस किसिमको मतभिन्नता धेरै छ । यति भए तापनि बनौट, शैली र लक्षणको आफ्नै केही आधार र गुणहरू नभएको भन्ने आशय चाहीं कदापी होइन । तर यता आएर नेपाली धातुकला र यसको अन्वेषकहरूको लागि एक पछि अर्को सुसमाचार प्रकाशमा आउँदै छ । विशेष गरी डा. पाल र मेरी स्लुसर (श्री गौतमबज्र समेत) ले यस संबन्धमा केही घतलाग्दो, अभिलेख अंकित बहुमूल्य सामग्री प्रकाशित गर्नु भएको छ (२२) । यसमा वहांहरूको योगदानलाई, नेपाली कला (विशेष गरी धातुकला) का अन्वेषकहरूले कहिले विर्सने छैनन् । वहाँहरूको कृतिको सन् १९८२ को (तामामा सून मोलम्वा भएको)८½" इन्च अग्लो वसुन्धरा; सन् १०४६ को (धातुको) ५" इन्च अग्लो शिव-लिंग; सन् १००४ को (तामामा सून मोलम्वा भएको) १७" इन्च अग्लो गरुडासन विष्णु; सन् ५९१ को (धातुको) १८" इन्च अग्लो बुद्ध शाक्य मुनि र ईशाको सातौं शताब्दीको (लिपिको आधारमा), तामामा सून मोलम्बा भएको १९½" इन्च अग्लो बुद्ध शाक्य मुनिको मूर्तिले मुख्य रूपमा हाम्रो ध्यान आकर्षित गर्दछ (२३) । उपरोक्त उदाहरणवाट, निश्चित रूपमा, नेपाली धातुकलाको कमसेकम, ईशाको छैठौं शताब्दीसम्मको उदाहरण अब हाम्रो सामु छ (२४) । मिति अंकित नभए तापनि, लिपिको आधारमा सातौं शताब्दीको मानिएको वेन हेलरको संग्रहको बुद्धको पनि कम महत्व छैन । त्यस पछि एकै चोटी हामी ईशाको एघारौं शताब्दीमा पुगेर, निश्चित मिति र अभिलेख भएको, उत्तिकै ऐतिहासिक महत्वको तीन धातुका मूर्तिहरू पाउँछौं । अब फेरि अहिले आएर पुनः फाखेल चौरको अर्धनारीश्वरको सून मोलम्वा भएको धातु—प्रतिमामा, हामी ईशाको एघारौं शताब्दी (शुरुकै) अझै एक थप (चौथो) उदाहरण पाउँछौं । अन्य तीनै नेपाल वाहिर छन् भने फाखेलको अर्धनारीश्वर हाम्रो नेपाल भित्रनै छ । यसबाट स्वतः एकातिर नेपाल र नेपाली तथा अर्कोतिर नेपाली धातुकलाको अध्ययनको लागि फाखेल चौरको उपलब्धिको अत्यधिक महत्व बुझ्न कठिनाई पर्दैन । फाखेल अर्धनारीश्वरको अभिलेखमा अन्य प्रतिमाहरूको पनि चर्चा पाइने र एकै प्रकारबाट बनेको (तथा एकै ठाउँमा फेला परेको)

---

२२) मिति र अभिलेख सहितको, केही अप्राप्य नेपाली धातु-मूर्तिहरूका संबन्धमा डा. प्रतापादित्यपालको "Three Dated Nepali Bronzes and Their Stylistic Significance", Archives of Asian Art, Vol 25(1971);Nepal; Where the Gods are young(1975),The Arts of Nepal, Vol I तथा मेरी सेफर्ड स्लुसर को On the Antiquity of Nepalese Metalcraft, Archives of Art, XXX1975/1976मा गहविलो तथ्यहरू प्रकाशमा आएकोछ । मेरी स्लुसरको लेखको अन्तिम परिशिष्टमा, श्री गौतमवज्रले दुई धातु-मूर्तिहरूको अद्वितीय महत्वको अभिलेख पनि प्रकाशित गर्नु भएको छ ।

२३) पहिलो मूर्ति श्री तथा श्रीमती डगलस जे. वेनेटको संग्रहको; दोस्रो डा. ऐलेनवर्गको र तेस्रो गरुडासन विष्णु (Gilt Copper repousse') चाहीं श्री तथा श्रीमती ज्याक जिमरमान संग्रहको हो । पहिलो दुई डा. पालले र दोस्रो तथा पांचौं पाल र स्लुसर दुवैले प्रकाशित गरेको छ । चौथो शाक्यमुनि बुद्धको मूर्ति मेरी स्लुसरले प्रकाशित गराउनु भएको छ । यो मध्ये चौथो The Cleveland Museum of Art को संग्रहको र पाचौं वेन हेलरको संग्रहको हो । पालले अझै एउटा (अभिलेख भएको) विष्णुको धातुमूर्ति प्रकाशित गर्नु भएको छ जसको समय वहाँले (प्रश्न बाचक चिन्ह सहित) ईशाको १०५२ राख्नु भएको छ ।

२४) यतिनै खेर यहाँ चाँगु नारायणको सुवर्ण कवच र सुनको कवचको मूर्ति रहेको अभिलेखको सम्बन्धमा पनि चर्चा गरी हालौं । अंशुवर्माको यो अभिलेखको मूलपाठ श्री घनवज्रले आफनो पुस्तक, लिच्छवि कालका अभिलेखमा प्रकाशित गर्नु भएको छ । उल्लिखित कवच (धातुको खोल वा मियान:Sheath) जिमरमान संग्रहको गरुड नारायण जस्तै छ भन्ने नेपाली अन्वेषकहरू (जसले जाँच्ने मौका पाए) को भनाई छ भनी स्लुसरले लेख्नु भएको छ । पहिलेको सुवर्ण कवच र गरुड जीर्ण भएको देखेर अंशुवर्माले संवत् ३१ मा पुरानै नमूना अनुसार त्यसको जीर्णोद्धार गराएको कुरा अभिलेखमा परेको छ । यस कवच र अभिलेखको अपूर्व महत्व छ । यसको समुचित अध्ययन र सुरक्षा गरिनु पर्दछ ।

ले समेत अन्य प्रतिमाहरू पनि समकालीन हुन् भन्ने कुरामा कुनै शंका गर्ने गुञ्जाइस छैन। माथि उल्लिखित, निर्माण-काल समेत उल्लेख भएको वालिपिको आधारमा अपना-एको, निश्चित रूपले प्राचीन प्रमाणित हुने मूर्तिहरूको मदत लिएर, अब हामी विस्तार, नेपाली धातुकलाको पुरानो लक्षण र गुणहरूलाई बुझ्न थाल्छौं । यस्तो आधारभूत प्रमाणको आधारमा नेपाली धातुकलाको काल निर्णय गर्ने काम अझै वढी यथार्थवादी हुंदै जाने छ।

अब हामी विस्तार यस लेखको अन्त्य तिर आउन लागेका छौं। तर ऐतिहासिक दृष्टिबाट समेत फाखेल चौरको खोजी बारे केही हरफ लेख्नु बाँकी नै छ। तर सो अगावै अर्को एउटा अभिलेखलाई पनि हेरौं; जुन अन्य प्रतिमाहरु संग संगै एउटै खाडलबाट निस्किएको हो। यो गजुर आकारको देखिए तापनि बास्तवमा तामामा सुन मोलम्वा गरी चढाइएको सूनको पाथी बुझिन्छ(चित्र ३४)। अभिलेखमा 'सुवर्ण रसित ताम्रप्रस्थके संप्रदत्त मिति' भन्ने हरफ उत्कीर्ण भएको पाइन्छ। यसको पनि निश्चित मिति र अभिलेखका आधारमा आफ्नै महत्व छ (२६)।

नेपालको, लिच्छविकाल पछि र जयस्थिति मल्लको शक्तिशाली अभ्युदय अघिको केही शताब्दीहरुको इतिहास अझै पनि निकै अस्पष्ट छ। यस अवधिको खोजी हाम्रा चुनौतीहरू मध्ये एक हो। अब फाखेल चौरको अर्धना-रीश्वरमा उल्लिखित अर्जुन देव हाम्रो सामु देखा परेको छ (२७)। त्यस्तै फर्पिङ विषय र त्यहाँको महासामन्त किरणाकरजीवको वारेमा नयां तथ्य अवगत भएको छ। तसर्थ यो सामग्रीहरुको सदुपयोग तत्कालीन इतिहासको अध्य-यनको लागि गर्न सकिन्छ। नेपालको इतिहासमा यो समय यस्तो थियो जवकि एकै समयमा, एक भन्दा वढी राजा-हरुको उल्लेख समेत पाउँदा आश्चर्य मान्नु पर्दैन।

---

२६) अभिलेखबाट यो ने. सं. १४० को बुझिन्छ। फर्पिङ-को एउटा महासामन्त किरणाकारजीवको नाम यस्मा उल्लेख गरिएको छ। ("श्री फणपिङ्ग विष-योधिपति महासामन्त श्री किरणाकरजीवस्य प्रवर्त्तमाने")।

२७) उल्लिखित अस्पष्ट शताब्दीहरूको अनुसन्धान गर्ने सिलसिलामा डा. डिल्ली रमण रेग्मी, श्री सूर्य विक्रम ज्ञवाली, श्री लुसियानो पेटेक, श्री हेमराज शाक्य र श्री टी. आर. वैद्यका पुस्तकहरू तथा इतिहास संशोधन मण्डलका प्रकाशनहरू (विशेष गरी 'पूर्णिमा' मा प्रकाशित श्री नयराज, श्री महेशराज र श्री दिनेशराज पन्तका लेखहरू) को योगदान विशेष उल्लेखनीय छ। यो सबैको अध्ययन उपयोगी हुने छ। तर यी प्रकाशनहरूमा अथवा बेंडल, कर्कपेट्रिक वा राइट वंशावलीमा पनि उपरोक्त समयको अर्जुन देव बारे केही सूचना पाईदैन।

अर्कातिर ने. सं. १२५ मा भक्तपुर [श्रीखपु] मा भैरव स्थानको शिलापत्रम, महाराजाधिराजको रूपमा निर्भय देवको नाम पाइन्छ। फेरि अर्को ठाउँमा ने. सं. १२८ मा निर्भय देव र रुद्रदेवको द्वैराज्य भेटिन्छ। फाखेलको अर्जुनदेवको समय पनि ने. सं. १२५ हुँदा सो समय-मा पुनः एउटा नयाँ राजाको नाम थपिन्छ। खाडल भित्र धेरै समयसम्म पुरिएर, फाखेल अर्धनारीश्वरको अभिलेख ठाउँ ठाउँमा अस्पष्ट [सम्वत्को ठाउँ पनि] छ, तर गहिरिएर हेर्दा [प्रयास गर्दा] सं.१२५ हुनु पर्नेमा नै वढी विश्वस्त हुने आधार भेटिन्छ। यही मत विभागीय सहयोगी श्री शंकरमान राज-वंशी र श्री हेमराज शाक्यको पनि छ। तथापि रसायनले यो सबै धातु प्रतिमाहरूको रासायनिक सफाई (पुनरुद्धार) गराई सके पछि लिपि र कला दुबैको स्पष्ट र निश्चित स्वरूप हाम्रो सामु आउने छ। उतिखेर मात्र लिपि, अभिलेख र इतिहास पक्षको प्रकाशित गर्ने लक्ष छ।

चित्र २४, अग्नि

चित्र २५, यम

चित्र २७

वायु

चित्र २६

कुवेर

चित्र २८, वसुधा

चित्र २९, गौरी

चित्र ३१, विष्णु



चित्र ३०, ब्रह्मा



महेश्वर

चित्र ३२

चित्र ३४





गौरी (शक्ति)

चित्र ३३

जयस्थिति मल्लको मजबुत नेतृत्वको उदय भन्दा अघिको विभाजन र अन्यौलको चित्र हाम्रो सामु अनायास उपस्थित हुन्छ। तर जस्तो कि शुरूमै मैले उल्लेख गरें, यस लेखको तुरून्तको उद्देश्य, लिपि वा अभिलेखको अध्ययन वा त्यसको ऐतिहासिक पक्षको विश्लेषण गर्नु भन्दा कला-पक्ष-लाई नै तुरून्त प्रकाशमा ल्याउनु हो।

फाखेल चौरकोसम्पूर्ण खोजी रोमान्चक छ। यसले नेपाली धातुकलालाई एउटा नयाँ आयाम र गरिमा दिएको छ र नेपाली कलाका अन्वेषकहरुमा अलौकिक स्फूर्ति तथा आत्मविश्वास पैदा गरेको छ।

—०—

Lichchhavi Art Of Nepal

—Rehana Banu

(CONTINUED)

CHAPTER IV

ICONOGRAPHIC FEATURES

The art of Nepal begins from the Lichchhavi period and fifth century A. D. By the time of fifth century the gods and goddesses and the human beings were developed by the masters of the iconography into their full fledged forms. All the Vedic, Upanisadic and Pauranic themes and legends regarding various gods and goddesses of the Hindu Pantheons were brought into the realm of iconography by the artists. The hetrodox pantheons had equally developed, perhaps more developed than the former. Because of this fact the images of the gods and the goddesses of these religions are equally found along with the images of various Hindu cults.

We know that the art of Nepal owes its origin to India in their full fledged iconographic form. In these cults of Visnu and his incarnations, Siva in his various types and manifestations Buddha in his Mahayana—Vajrayna and Tantrayana forms and the cults of the female goddesses are particularly illustrative.

Visnu Figures (i)

By the time of fifth century A. D. the iconographic features of Visnu and his incarnations were fully developed by the masters of the science of iconography. That is why during the Lichchhavi period in this region we find him depicted in his primary and incarnatory forms. As regards primary form we find Visnu standing in Sampadasthanak pose holding the lotus seat, chakra, Gada and Padma. The club has deen damaged and now is bent. This image is now in Boston Museum and dated in the ninth century by Stella Kramrisch(1). Then we have his Visuarupa form from Changu Narayana (pl. no. Iv. fig. no.4). In this relief the god is standing in completely erect posture (Sampadasthanak pose) on the shoulders and palms of a naga-kanya and two male nagas. He dominates the entire composition as he stands as firm as a pillar stretching from patala to Svargaloka. In the bottom his Seshsya form crossing the legs like his jalas-

ayana form is also depicted. In it the god is recumbent on the coils of adisesh crossing the legs like Jalasayana images. Unlike the usual attributes he holds a flower, a musala or pestle, a conch and the plough.

In the relief winged Garuda, the elephants–standing for the diggajas, arjuna, the epic hero, the ascetics and the devotees are also carved out. The top shows four armed Siva on lotus seat in Samadhimudra and solar symbol. The left portion in the upper half is broken. It had perhaps contained the Brahma in sitting posture and the disc of moon like the carvings of Siva and sun symbol of the right.

The Budhanilkantha image of recumbent Visnu (pl.no.vi.fig. no.1) belongs to Bhimarjunadeva and Visnugupta. It is evidently carved from a huge rock and the rock does not appear to belong to the place. It is a dark stone of the basalt variety and this type of stone is not found in the valley, but a few miles outside. In this relief the god is recumbent in the coil of adisesh and holds the sankha, gada, chakra and a fruit in his hands. The carving is robust here. The head of deity is canopied by eleven snakehoods of oval shape. The shrine is open to the sky and so also are the eyes of Visnu. His fore-head is marked the symbol of Ramanujapanthi Sri Vainav, probably of the Vadakalai branch(2),

There is very fine Sridhar image (pl. no. Iv. fig. no 3) In it the god, bedecked with different type of ornaments and dress, gracefully stands on a pedestal, executed with beautiful Purnaghata. He holds the lotus flower, the chakra; the gada and the sankha. He is nimbate also. His face is contemplative and the head contains Kiritmukuta. The stele is perforated and its border is executed with floral designs and fire flames. The deity is flanked by Laxmi on the right and Garuada on the left. Laxmi stands on lotus seat, is nimbate and holds Varadamudra and lotus flower in her two hands. Garuda stands on a mountain, is nimbate, winged and holds anjalimudra. As I am talking about Garuda I would like to refer to two more Garuda figures which come from Changu Narayana and Hadigaon temple. The Garuda of Changunarayana (pl. no. VI. fig. no. 2) is very robust in countenance. He sits on the right knee whereas his left knee is raised up to the waist. He is winged, holds anjalimudra and wears of a hara of snake. His hairs fall in the curly fashion on the sides. The face is highly devotional in appearance. The Hadigaon Garuda (pl. no. Iv. fig. no. 3.) which is surmounted on a long column is not so vigorous as Changu Narayana Garuda. But he looks more meditative and devoted. As regards the iconographical details, the mudra and the sitting posture thev are similar to the Changu Narayana Garuda.

Among his incarnatory forms only the images of Visnu Vikranta, Varah, Narasimha and Krsna subjugates the serpent Kaliya(3) is found. So far four images of Visnu Vikranta have been found. Two of them are of time of Manadeva (pl. II, fig.nos. 1,2) and two belong to seventh—eighth centuries A.D. (pl. II, fig. nos. 3.4).

The Visnu Vikranta images of the time of Manadeva are eight armed. There is one inscription inscribed in the bottom and dated to 46 of A. D. (4). In the reliefs, the central figure is of Visnu in three stride pose. The god has been shown in the act of measuring the three worlds with his highly spanned legs, one is planted in the patala and held by the male and female demons and the other one thrown in the sky. These have made a

straight line in the panel. The deity is holding various attributes in his hands and looks very powerful and emaciated. The bottom shows Bali, his wife, the dwarf (Visnu in the dwarf incarnation), the sacrificial horse, Sukracharya and a swordsman. A demon is falling down from the sky above the upward thrown leg of the deity. Above the demonical forces there is carving of Laxmi and Garuda in anjalimudra. In the Changu Narayana Visnu Vikranta image (pl. no II, fig. no. 3) the place of the inscription of Tilganga image has been taken by the floral carvings. Here the horse is represented facing towards left. The position of Garuda and Laxmi have been changed and there are carvings of flying Gandharvas in the upper horizon, otherwise with a little difference it is a copy of the former Visnu Vikranta image. As this was carved about three centuries after the former when the plastic trends had declined naturally the image is marked with less dynamism than the former. The Visnu Vikranta of Sikharnarayana (pl no. II, fig. no. 4) shows at least two swordsman, the horse racing towards the dwarf, Sukracharya, Bali and Bali's wife facing towards the horse and the demonical forces, except one, holding anjalimudra in their hands. Here at the place of the Gandharvas there are carvings of cult deities who are watching the historical act of the god. The god is represented similar to the Changu Narayana type. As regards Varah he has been thrown in two forms, the Yagavarah form (pl. no.-Iv, fig. no) and in the form of rescuing goddess, Bhumadevi, (pl. no.Iv, fig. no. 3). In the Yoga form the deity is shown in the cross-legged position with palms resting on the thighs. The deity seems contemplative in the specimen. The other form of the god is very artistically carved out. In it god stands on the coils of a therio-anthropomorphic naga and resenes the god less after lifting her on his left bent arm The goddess is shown in the anjalimudra and the god with its nostrils smelling the flavour of the goddess, The physiognomy of god is robust.

Saivite figures

The cult of this Siva is very popular in Nepal. The popularity of this cult in the Kathmandu valley is found from the Pauranic time itself. But we have his material forms available from the third century A. D. only There is a story that Siva once moved in the Slesantakabana of Pasupatiksetra in the form of a deer. This Pauranic story has been given a material shape by the carvings of a deer in a grey sand stone. This deer is worshipped as Mrgesvara Mahadeva in a small chapel of Pasupati-ksetra (pl.no. I, fig.no.2). The animal has got a natural physiognomy of a deer and this speaks of the minute observation of the artists of the animal world. There is an image of Virupaksa or Kirtesvara Mahadeva (pl.no.I, fig. no.1) in the shrine in which we see the image of Mragesvara Mahadeva. This image is also in grey sand stone and belongs to the third century A.D., a time when Mrgesvara Mahadeva was also carved out. Here the third eye on the forehead, the aksa beads in the ear-lobes, a crescent in the jatabhara and the carving of the membrum virtue indicate that this is also a form of Siva.

Siva was represented in the Lichchhavi period in the symbolic and human form both. These forms had evolved in the past itself and by the time of 5th century they had been carved out in their fully developed forms. In the symbolic form either his linga is completely symbolical or it has been decorated with four faces on the four sides. In the Lichchhavi inscriptions we find the references of the dedication of these Siva images by the wives of the sovereigns, the tradesmen

etc We do not know if these were the lingas having the four faces, or without them. The Deoghat Pashupati Sivalinga is of Mukhalinga type. i.e. it has got a face in each direction. These faces are very artistically carved out and they have got jatabhar on their heads, short bead necklace, ear ornaments in the perforated lobes and aksamala and Kamandalu in the short hands. The base of these figures has got the carvings of floral bands. The Hadigaon Sivalinga (pl no. VIII, fig. no. 1.) has also got the faces. These are more particularly carved out and contained the features of their names described in the iconographic text, as the Aghor and Vamadeva faces are terrific and Tatpurush face is sober. Leaving apart of iconographic features of these faces these are plastically sublime also

In his human form he is found represented along his consort in the alingan. This is a saumya (benevolent) form. Therefore, this theme was much loved by the devotees in the Museum relief. The god sets in the relief in the ardha—paryankasana on a mountain along his consort and holds the varadmudra, the aksamala, trident and breast of the body. He got a big knot of hair on the head, the goddess is sitting on the left bent thigh of the god in amorous flexion. Her right leg is placed on the back of a lion. On the right of Siva, the figure of Nandi is carved out. There are the figures of attendents on the sido of Parvati. The bottiom shows a group of dancers including Ganesha. In the upper horizon of the relief two male figures have been carved out amidst the mountains. The top shows a lady in brikshiakasana and the anjali mudra below the parasol

The Kathesimbhu area there are five reliefs of Siva and Parvati which have been executed on the basis of Kumara Sambhava. These belong to 'Parvati in penance as Aparna', Siva and Parvati dancing Siva in the disguise of young Brahmachari before Parvati, 'Siva and Parvati with infant Kumar celebrating his birth' and 'Siva and Parvati in amour.' These panels are in full conformity with the description of the Kumarsambhava. In the first panel Parvati is shown in meditation in the forest and is being attended by her attendent. In the second relief Siva and Parvati have been represented dancing. Siva holds a flower in his left hand. A peacock is also represented dancing in the relief. In the third one Siva has appeared in the disguise of Brahmachari with a flower in his hand. He has completely annoyed Parvati by his criticism of Siva. Therefore, she turns her face from the side of this teenaged-Brahmachari. A gazzel is also carved out between the two. In the fourth figure Kumara has been represented between the god and goddess. The deities hold basket of flowers in their hands and they are very devotional in countenance.

As regards the Buddhist figures. the Buddhist images during the Lichchhavi period, they are only few and belong to Lord Buddha and Bodhisattva. Padmapani, There are only two other specimen and which below the Vijay of Mara and Buddha's nativity.

As regards the Buddha images they come from Svayamb-natha Pashupati, Law firm and Chabahil. The Law firm Buddha (pl.no. Ix, fig.no. 2) has been dated to seventh century by the scholars. Its pose of standing. transparent robe, varada mudra, contemptative face and the carvings of the hairs of the head are in the imitation (pl no. Ix,fig.no.1) has been carved out within a frame. Here the details are similar to Law firm Buddha. But the robe is carved a little heavier. Again, there is an aureole at the back of the head,

which is absent in the Law firm Buddha. There is the execution of floral design in the periphery of the stele. The god holds the hem of the robe in his left raised hand. Although the Chabahil Buddha (pl. no. Ix, fig. no.3) shows his face similar to the Law firm Buddha but here it is marked with heaviness. This also does not possesses the aureole. The nativity scene of Buddha (pl.no. II. fig. no 3). is more methodical because it is represented in style described in thee Buddhist Literature. In the stele the goddess is standing after holding the branch of tree. Buddha has been represented as a boy of five years which completely fits with the descriptions of the texts. The most novel thing in this relief is the carving of Devaputras who pour waters on the head of new borne babe. The acolytes and the divine watchers are absent in the relief. There are a few very fine sculptures of the Bodhisattvas Padmapani belonging to the Lichchhavi period. In these the figures of the Siga Baha, Dhuaka, Yampi, Wokubahi, Ghatavihar. The Dhuaka Baha Bodhisattva stands in abhang on the seat in meditation and holds the varad and the lotus flower in his hand. The hand holding the lotus flower is Katistha also. The Kiritmukuta of the deity is quite beautifully executed on the head. Below the right arm of the Bodhisattva a female on anjali mudra, sitting astride near the right leg of the god, is also carved, out. The Yampi Baha figure has got two female deities one on each side. This figure is plastically little debased. The lotus flower is not so beautifully carved out here and the Kiritmukuta had got elongated crests. The Ghatavihar Padmapani is executed in the imitation of the Dhuka Baha. But here also, as in the Yampi Baha, here are also two female devotees. In the crown of this Bodhisattva the figure of his spiritual father, Aksobhya is also carved.

There are two Brahma sculptures belonging to Lichchhavi period in the Kathmandu valley. Both are four faced. The heads of the faces have got matted lock of hairs. The god wears the necklace, yajnopavita and udarbandha in case of Chabahil. The Aryaghat Brahma has got aksa-mala and manuscript in his upper pairs of arms and is surrounded by two bearded ascetics, In this relief there is round aureole also at the back of the face.

The images of female goddesses are very scarcely seen in the independent panels. The Manglagauri image is powerful (pl.no.XII,fig. no. 1). The deity is eight armed here and holding different atrributes in them. The deity is surrounded by the four female figures in the periphery of which two are seated and two are standing. There are four arms holding different attributes. The image of Parvati (pl.no. XI. fig. no. 1) carved out in the linga is similar to Brahma image of Pasupati. Its Jatabhara is very heavy on the head. The face is quite meditative and pensive. The image of Yamuna (pl.no. XIV, fig. no. 1) is also robust like the image of Manglagauri. The crown, the waistband, the armlets the bangles and the anklets are very minutely carved out in this specimen. The image of Laxmi (pl no, XI, fig. no. 3) of Visnu Sridhar group (Museum) show its facial expression like the facial expression of goddess Laxmi in the Visnu Vikranta image. The lotus she is holding is like the lotus of the Padmapani Bodhisattva of Yampibaha.

CHAPTER V

CHRONOLOGY

The history of Nepalese art started with an indigenous growth, though inspired by the neighbouring country, India.

The so-called virupaksa of Pashupati Aryaghat (pl. no. 1. fig. no. 1.), the headless

torso of Nepal Museum (pl.no. 1, fig. no. 3), the statue of so-called king of Nepal Museum (pl. no. 1, fig no. 4) seem to have been the earliest evidences of art. But earlier than the Nepalese artists must have expressed their art—forms in terracottas.

The simple minded artist of Nepal found clay as the cheapest and easiest as the medium to express their ideas, though we have not found much of their specimens through excavations.

So far as the archaeological evidence is concerned the history of Nepalese terracotta art starts from 3rd century B. C. as shown by the excavation at Banjarahi. The finds of beautiful figurines like mother and child and the women figurines at Tilaurakot and Banjarahi are dated to 2nd and 3rd century B. C. (1). Wood seems to have been very popular as the medium throughout the ages. But due to its perishable nature it could not stand the ravages of time. Unfortunately, thus the history of Nepalese art is almost dark prior to the Lichchhavi.

It is very difficult to give the accurate dates to the images of the Lichchhavi period of Nepal, because very few of the images are inscribed with dates.

The Lichchhavi appears on the political horizon of Nepal in the beginning of the Christian era itself. But we do not find the specimens of the regular Lichchhavi art until we come to the time of Manadeva. There are a few pieces of sculptures like the Kiratesvar Mahadeva, the head-less torso (of a Bodhisattva) and the statute of the king (?) which have been described by various scholars as the pieces of art belonging to early years of Christian era and between the second and the fourth century A.D. by Dr. P. R. Sharma (2) and statue of king to early fifth century by Stella Kramrisch in her book 'The Art of Nepal' (3).

As suggested by the scholars, if the headless torso belongs to the beginning of Christian era, then this becomes a piece of art of the Lichchhavi period which was executed in the reign of the Lichchhavi dynasty in Kathmandu vally or to his some early descendents. According to Ramesh Jung Thapa, this should belong to second centuryA. D. (4) The fleshy body and a few other things like waist band, thick and rounded waist line of the dhoti cutting deep into the belly below the navel, etc. speak of its Mathura origin. The Bodhisattva sculptures of Mathura School of art belonging to first-second century A.D, are also characterized by the same features as that of headless torso (pl no.1, f g. no.3), No other sculptures of the Lichchhavi period is characterised with the physical features of this image.

